राष्ट्रिय साप्ताहिक

# जनजिब्रो

Janajibro National Weekly

सत्य समाचार, तथ्यमा आधारित विश्लेषण
सन्तुलित विचार, मर्यादित भाषाशैली
स्वस्थ मनोरञ्जन, शिष्टाचारयुक्त प्रस्तुति
खोजपूर्ण र ज्ञाबर्द्धक सामग्रीका लागि
newskoseli.com
सबैतिरबाट, सबैका लागि

वर्ष– २५, अङ्क– ५, भदौ ६ गते शुक्रबार, २०७६ (23 August, 2019) www.janajibro.com मूल्य रू. १०/-

## ‘अझै पन्ध्र वर्ष अखडामै हुन्छु’

### धारे हात लाउन छाडेर अस्तित्वरक्षाको तयारी थाल्न प्रधानमन्त्रीको चेतावनी

■ जनजिब्रो संवाददाता—

**काठमाडौं ।** विरोधीहरूले आफूलाई ‘मरिहालोस्’ भनेर प्रचार गरेको प्रधानमन्त्री केपी शर्मा ओलीले गुनासो गरेका छन् । आगामी निर्वाचनमा अस्तित्वरक्षाका लागि अहिल्यै तयारी थाल्न समेत उनले विरोधीहरूलाई चुनौती दिएका छन् । आफू अझै १५ वर्ष मैदानमै रहने समेत उनले उदघोष गरेका छन् ।



‘अचम्म लाग्छ- विरोधीहरू कति कमजोर भएछन्, ऊ बाँचोस् तैपनि मुकाविला गर्छु भन्ने छैन, मरिहाले हुन्थ्यो भनेर मलाई यस्ता प्रवृत्तिसँग केही भन्नु छैन, मरिगए हुन्थ्यो भन्ने चाहनेलाई आउँदो चुनाव पनि सामना गर्न तयार भएर बस्न भन्न चाहन्छु,’ प्रधानमन्त्रीले चेतावनी दिए- ‘आउँदो चुनाव टफ हुनेछ, अस्तित्वरक्षाको लडाइँ अहिल्यैदेखि नै सुरु गरे हुन्छ। यो मैले किन भनेको भने मरिहालोस् भनेर खूब प्रचार गर्‍या हुनाले फेरि निराश होलान् पछि भनेर, धेरै निराश नहोउन् भनेर । अझै १५ वर्ष अखडामा हुन्छु त्यसकारण पूजा-अर्चना, प्रार्थना गरेर केही हुन्छ भने त्यो गर्न दिने मेरो विचार छ ।’

संविधानले वृहत्तर राष्ट्रिय आकांक्षालाई सम्बोधन गरेको पनि उनले बताएका छन् । संविधान दिवस तथा राष्ट्रिय दिवस मूल समारोह समितिको बुधबार गृह मन्त्रालयमा बसेको बैठकमा संविधानले वृहत्तर राष्ट्रिय हित, राष्ट्रिय आकांक्षा र राष्ट्रिय आवश्यकतालाई सम्बोधन ——क्रमशः अन्तिम पृष्ठमा

## के–के भयो सर्वदलीय बैठकमा, के–के भन्यो प्रतिपक्षीले ?

**काठमाडौं ।** प्रधानमन्त्री केपी शर्मा ओलीले सबै दलहरूबीच सहकार्यको आवश्यकतामा जोड दिएका छन् ।

सर्वदलीय बैठकलाई सम्बोधन गर्दै प्रधानमन्त्रीले सबै मुद्दाहरूमा सहकार्य गरेका दलहरू अहिले राष्ट्रनिर्माणको चरणमा थप एकताबद्ध भएर सहकार्य गर्नुपर्ने बताएका हुन् ।

बालुवाटारमा मंगलबार साँझ बसेको उक्त बैठकमा प्रधानमन्त्री ओलीले देशले प्राप्त गरेका उपलब्धिमाथि प्रहार गर्ने तत्त्व र शक्तिहरू सक्रिय भएको भन्दै चिन्ता समेत जनाए ।

यस्तैगरी शान्ति प्रक्रियाका बाँकी काम बारेमा पनि बैठकमा छलफल भयो । बेपत्ता आयोग र सत्यनिरूपण आयोगमार्फत् द्वन्द्वकालीन मुद्धाको किनारा लगाउने तथा ती आयोगलाई पूर्णता दिनेसहित बाँकी कामलाई छिटोभन्दा छिटो टुंगोमा लान दलहरू सहमत भएका छन् । ——क्रमशः अन्तिम पृष्ठमा

## पाँचौं नम्बरका वामदेव अध्यक्ष ओलीका दाहिना !

**काठमाडौं ।** दुई ‘कम्युनिस्ट’ बीच पार्टी एकताका क्रममा महत्त्वपूर्ण र निर्णायक भूमिका निभाएका वामदेव गौतम पछिल्लो समय पुनः सत्ताधारी नेकपाभित्र ‘शक्तिशाली’ बन्ने देखिएको छ ।

प्रतिनिधिसभा निर्वाचनमा पराजित भएसँगै गौतमको राजनीतिक भविष्यप्रति नेकपाभित्रै प्रश्न उठिरहेका बेला उनी एकाएक फेरि पार्टीमा शक्तिशाली बनेर उदाएका छन् ।

यतिबेला उनले संगठन विभागको नेतृत्व मात्र पाएनन्, गौतमकै लागि विधान संशोधन गरेरै उपाध्यक्ष बनाउने प्रस्तावमा समेत सचिवालय बैठकमा छलफल भएको छ । नेकपाको सचिवालयले गौतमलाई उपाध्यक्ष बनाउने प्रस्ताव स्थायी समितिमा लगेर निर्णय लिएसँगै विगतमा निर्णायक भूमिका निर्वाह गर्दागर्दै पनि उपयुक्त जिम्मेवारी नदिइएका ओली पक्षीय ——क्रमशः अन्तिम पृष्ठमा

## खनालले उछिने वरियता, नेपाल चौथोमा

### नेकपाले तोक्यो विशेष कमिटी र जवसहरुको नेतृत्व

**काठमाडौं ।** सत्ताधारी नेपाल कम्युनिस्ट पार्टी (नेकपा) को केन्द्रीय सचिवालयको बैठकले वरिष्ठ नेता माधवकुमार नेपालको तेस्रो वरियता खोसिदिएको छ । नेपाललाई चौथो वरियतामा झारेर सचिवालयको बैठकले तेस्रो वरियतामा अर्का वरिष्ठ नेता झलनाथ खनाललाई कायम गरेको छ ।



आइतबार बसेको उक्त बैठकले विभिन्न विशेष कमिटी र जनवर्गीय संगठन (जवस) हरूको इन्चार्ज र सहइन्चार्ज समेतको टुंगो लगाएको छ । बैठकद्वारा उपत्यका विशेष कमिटीको इन्चार्जमा लीलामणि पोखरेल र सहइन्चार्जमा भानुभक्त ढकाल तथा अरुण नेपाल र अध्यक्षमा राजन भट्टराई तथा सचिवमा लेखनाथ न्यौपाने चयन भएका छन् ।

त्यसैगरी, युवा तथा विद्यार्थी विशेष कमिटीको इन्चार्जमा माधव ढुंगेल र सहइन्चार्जमा कृष्ण केसी तथा अध्यक्ष रमेश मल्ल र सचिव सुनीता बराल चयन भएका छन् भने मजदुर विशेष जिल्ला कमिटीको इन्चार्जमा विना श्रेष्ठ र ——क्रमशः अन्तिम पृष्ठमा

## विदेशबाटै मन्त्रिपरिषद् बैठक सञ्चालन गरिने

**काठमाडौं ।** विदेशमा हुने स्वास्थ्योउपचारमा लामो समय लाग्ने भएपछि प्रधानमन्त्री केपी शर्मा ओलीले उतैबाट गर्नेगरी मन्त्रिपरिषद् बैठक कार्यसञ्चालन विधि नै संशोधन गरिएको छ ।



स्वास्थ्योपचारका लागि बिहीबार प्रधानमन्त्री सिंगारपुर जाने भएपछि अब उनी रहन्छन् उतैबाट ‘भिडियो कन्फरेन्स’ मार्फत बैठक गर्न सक्ने व्यवस्था गरिएको हो । बुधबार साँझ प्रधानमन्त्री निवास बालुवाटारमा बसेको ——क्रमशः अन्तिम पृष्ठमा

## परिवर्तनलाई आत्मसात् गर्न नसक्दा नेपालको दुर्गति

**समय-सन्देश**

**कमल निओल**

सार संक्षेप र समग्र चाहना प्रतिबिम्बका दृष्टिबाट सुरुमै के भन्न सकिन्छ भने नेपाली समाज निरन्तर परिवर्तनका दिशातिर उन्मुख छ । यतिबेला मात्रै सबै कुरा प्रष्ट पार्दैन अनुभूतिका हिसाबले पनि, तर त्यसभन्दा बढोत्तर नेपाली समाजका विविध स्वरूपका आन्दोलन र मुख्यतः नेपाली सर्वसंघर्षका विविध आयामहरू भित्र घोलिने हो भने दुईवटा अनुभूतिजन्य निष्कर्षतिर पुग्न सकिन्छ, जसमध्ये पहिलो हो धोकापूर्ण अनुभूति र दोस्रो आशातीत अनुभूति ।

पहिलो कुरा लियौं धोकापूर्ण अनुभूति । विश्व मानचित्रबाट नेपाललाई चियाउने हो भने यो कुरा यहाँ उल्लेख गर्नैपर्छ, किनभने दुनियाँ आज भूमण्डलीकृत अवस्थामा छ, नेपालको अवस्था विडम्बनापूर्ण छ। यसकारणले मात्रै पनि कि नेपालको राजनैतिक आर्थिक स्वरूपसँग एकाकार रहेका विश्वका कैयौं देशहरू आज उच्चविकासका अवस्थामा छन् । जबकि नेपाल मध्ययुगीन सामन्ती अवशेषको बिंडो थाम्दै संग्राहालयको जीवन बाँचिरहनु परेको छ। त्यसका खिलाफपमा भएका संघर्षहरू विशेष ऐतिहासिक महत्त्वका र स्मरणयोग्य रहि आएका छन् । धोकापूर्ण अनुभूति व्यक्त गर्दा ध्यान केमा केन्द्रित हुन्छ भने नेपाली समाज आज जहाँ पुग्नु पर्थ्यो, आर्थिक, राजनैतिक एवं सामाजिक दृष्टिले समेत त्यहाँ नभई उल्टो हिजोकै अवशेषमा टाँसिने परिस्थिति सिर्जना हुनु, मुख्यतः यसको जिम्मा राजनैतिक संवाहकमा जान्छ। केही उदाहरण लिऔं, राणा शासन विरुद्ध प्रगतिशील चरित्रको उदीयमान नेपाली काङ्ग्रेस, जसलाई अर्को रूपमा अभिव्यक्त गर्दा पुँजीवादी चरित्रका साथ स्थापना भएको पनि भन्न सकिन्छ वास्तविक जनाधिकार सहितको संविधान निर्माण गर्ने बखत आफ्नो समग्र प्रगतिशील चरित्रलाई तिलाञ्जली दिँदै सामन्तवादमै सिमित रहन पुग्यो ।

नेपाल, जहाँ अर्धसामन्ती र अर्ध औपनिवेशिक उत्पादन प्रणालीबाट निर्मित राजनैतिक सांस्कृतिक एवं सामाजिक चरित्र लादिएको राज्यसत्ताको शिकार दलित, महिला, किसान, मजदुर एवं क्षेत्रीय तथा जनजातीय पहिचानका समुदायहरू र श्रमजीवी वर्गका समुदायहरूको अधिकार राज्यसत्तामा सुनिश्चित गर्न नेपाली काङ्ग्रेस जस्तो लोकतान्त्रिक भनिने राजनैतिक शक्ति असफल मात्र होइन, बरु प्रतिक्रियावादीमा ——क्रमशः दोस्रो पृष्ठमा

विजय प्राप्त गर्ने र सत्ता हातमा लिने कुरा तिनीहरूका लागि मात्र सम्भव छ, जो जनतालाई विश्वास गर्दछन् र उनीहरूकै सिर्जनात्मक क्षमतामा भर परेर फड्को मार्न तयार हुन्छन्। -लेनिन

**जनजिब्रो साप्ताहिक**
वर्ष- २५, अङ्क- ५, भदौ ६ गते शुक्रबार, २०७६

## सम्पादकीय

# ओलीदृढता र मुलुकको आवश्यकता

निर्वाचनमार्फत् झन्डै दुईतिहाई प्राप्त राजनीतिक पक्षका मुख्य नेता अर्थात् सत्ताधारी नेपाल कम्युनिस्ट पार्टी (नेकपा) का पहिलो वरियताका अध्यक्ष केपी शर्मा ओली मुलुकको कार्यकारी प्रमुख अर्थात् प्रधानमन्त्रीको पदमा आसिन छन्। वर्तमान राजनीतिक सन्दर्भमा यो सर्वथा स्वाभाविक पनि हो।

तर, ठीक यति नै बेला प्रधानमन्त्री ओली कठिन स्वास्थ्यस्थितिबाट गुज्रिरहेका छन्। दसशभन्दा बढी समयअघि नै प्रत्यारोपण गरिएको उनको मिर्गौलाका कारण प्रधानमन्त्री ओलीमा यतिबेला स्वास्थ्य समस्या आइरहनु पनि प्राकृतिक कुरा नै भयो। एकातिर सिंगै जीवन संघर्ष गरेर भर्खर प्राप्त गरेको सर्वोच्च राजनीतिक उचाइ र आफ्नो योग्यता प्रदर्शन गर्ने सर्वोत्तम अवसर, अर्कातिर कठिन बुढ्यौली र जटिल स्वास्थ्यस्थितिको विरोधाभाषपूर्ण अवस्था यतिबेलाको प्रधानमन्त्रीको यथार्थता हो।

प्रधानमन्त्री ओलीको यही स्वास्थ्य स्थितिलाई मध्यनजर गर्दै थरीथरीका व्यक्तिले थरीथरीका 'सुझाव' दिइरहेका छन्। तर, सजिलै ती 'सुझाव' लाई आत्मसात् गर्ने मानसिकतामा देखिँदैनन् प्रधानमन्त्री। व्यक्तिगत कोणबाट हेर्ने हो भने यतिबेला ओलीले पार्टीको प्रमुख नेतृत्व र सत्ताको कार्यकारी बागडोर छाडिहाल्ने र कसैलाई सुम्पिहाल्ने कुरा अस्वाभाविक हो। तर, सिंगै देश अनिर्णयको बन्दी हुने, तत्कालीन र दीर्घकालीन कामकाजमा प्रत्यक्ष प्रभाव पर्ने र देश र जनताको भविष्य नै गतिहीन बन्ने अवस्था आउन नदिनेतर्फ भने उहाँले जिम्मेवारीपूर्वक सोच्नु नै पर्दछ।

# विस्तारवाद...

पतन भएपश्चात राजनैतिक अँध्यारा कुनामा वामपन्थी क्रान्तिकारी शक्तिले आफ्नो पहलकदमी अगाडि बढायो। दश वर्षको महान् जनयुद्ध यसको राम्रो नमुना हो।

ऐतिहासिक जनयुद्धको मूल तात्पर्य पनि के हो भने सयौं वर्षदेखि राज्यसत्ताबाट उत्पीडित एवं उपेक्षित वर्गको अधिकार स्थापना गरोस् साथै उत्पीडत जनतालाई नै राज्य सत्ताको स्टेयरिङ सुम्पोस्।

तर घोर तिक्तता त के भयो भने तमाम जनताले श्रद्धाले हेरिरहेका पार्टीकै शीर्ष नेतृत्वले दिन दुईगुणा र रात चौगुणाका दरले जनविरोधी काम गर्न थाल्यो, जसले सामन्ती एवं दलाल नोकरशाही वर्गको शासन सत्ता मिल्काउने होइन कि झन् मजबुत पार्ने काममा तल्लीन हुन थाल्यो।

भारतसँग बिप्पा सम्झौता गर्नु, जनमुक्ति सेनालाई अपमानपूर्ण तरिकाले नेपाली सेनामा आत्मसमर्पण गराई विघटन गराउनु, माथिल्लो कर्णाली जस्तो बृहत आयोजनालाई लिलामी दरले भारतीय कम्पनीलाई कमिसनका आहालमा डुबेर सुम्पने निर्णय गर्नु, भ्रष्टाचारको चङ्गुलमा चुर्लुम्म डुब्नु, जनतालाई महँगीका पहाडले उठ्नै नसक्ने गरी थिच्नु र जनअपेक्षित संविधान नबनाई यथास्थितिकै संविधानमा ल्याप्चे ठोक्न तयार हुनु, यसको प्रभाव अरु कैयौं समयसम्म नेपाली समाजमा पर्नसक्छ।

प्रष्ट कुरा के छ भने यो गल्ती अध्यक्ष प्रचण्ड र तत्कालीन उपाध्यक्ष बाबुराम भट्टराईको दक्षिणपन्थी आत्मसमर्पणवादी प्रवृत्तिको परिणाम नै हो, क्रान्तिकारी शक्तिको प्रतिक्रियावादी कित्तामा विलयको सङ्क्रमणको द्योतक हो।

यो कुरा देश र जनताप्रतिको गद्दारीको पराकाष्टा पनि हो र सहिद, बेपत्ता एवं घाइते योद्धाहरूमाथिको कुठाराघात पनि हो।

दोस्रो अनुभूतिजन्य निष्कर्ष हो। आशातीत अनुभूति र यो सबैभन्दा महत्त्वपूर्ण एवं प्रधान र सत्य कुरो पनि हो। जसले गद्दारी गरे र धोका दिए आन्दोलनलाई, देश र जनतालाई, अनि त्यही बिन्दुमा सामाजिक गतिलाई थामिराख्ने कल्पना गर्दै आफू र सत्तालाई पर्याय बनाए, बिलकुल परिस्थिति त्यसको ठिक उल्टो भइदियो।

सामन्ती सत्तामाथिको जनताको धावा कायमै रह्यो र एकपछि अर्को जनआन्दोलन एवं जनसंघर्षको पिरामिड खडा हुँदै देश दुनियाँमाथि गद्दारी गर्ने धोकेबाज राजनैतिक कर्मीलाई धुलो चटाउँदै त्यस्ता नेतृत्वलाई दुनियाँले रछानजमा मिल्काइ दिए। वर्तमानमा धोका दिने र सहिदको रगतमाथि खेलवाड गर्ने नेतृत्वको हबिगत पनि त्यसभन्दा कुनै अर्थमा फरक हुनेछैन।

किनभने जनताको चाहना पटक्कै पूरा भएको छैन र यतिबेला सिंगो देशले साँच्चिकै परिवर्तनको अपेक्षा मात्र गरेको छैन, बरु सो प्राप्तिको निम्ति देशभर संघर्षको आगो बदिरहेछन्। विज्ञानको नियम पनि हो समाज विज्ञानको गति स्थिर हुँदैन।

परिवर्तनका दुई कार्यभार हाम्रा सामु छन् यतिबेला पहिलो, देशको आन्तरिक लोकतन्त्रलाई सुदृढ गर्नु, जसलाई आन्तरिक जनवाद पनि भनिन्छ।

क्रान्तिकारी भूमिसुधारका नीति लागु गरी जमिनको समस्या समाधान गर्नु, महिला र दलितलाई विशेषाधिकारले सम्बोधन गर्नु, उत्पीडित क्षेत्र एवं जनजातिहरूलाई आत्मनिर्णयको अधिकारसहित शासनाधिकार र स्वायत्तता प्रदान गर्नु, देशमा मौलाइरहेको भ्रष्टाचार, कमिशनतन्त्र, घुसखोरी जस्ता विकृति समाप्त पार्नु र मुख्यतः सामन्ती एवं दलाली चरित्रको राज्य प्रणालीबाट जनमुखी राज्य प्रणाली शुरु गर्नु उपर्युक्त चरित्रको संविधान निर्माण गरेर नेपाली समाज परिवर्तनको बागडोरलाई अघि बढाउनु, यी कुरा तत्काल संविधान निर्माणमा कस्तो संविधान बनाउने सन्दर्भको यक्ष प्रश्न हुन् भने दोस्रो यस देशलाई भारतीय विस्तारवाद र अमेरिकी साम्राज्यवाद लगायतको नवऔपनिवेशिक दबदबाबाट मुक्त गरी स्वाधीन, स्वतन्त्र एवं सार्वभौमसत्ता सम्पन्न राष्ट्र निर्माण गर्नु।

यी दुवै कार्यभारबाट पछि हटेर राष्ट्रलाई उल्टो दिशातिर डोऱ्याउन खोज्ने राजनैतिक नेतृत्वलाई बाइबाइ गर्छौं। सो प्राप्तिका निम्ति संघर्षका बाटामा नेपाली जनता प्रथमतः आफैं प्रतिबद्ध हुँदै, उक्त बाचा पूरा गर्ने जनताले साँच्चिकै क्रान्तिकारी नेतृत्व जन्माउन खोजिरहेछ यतिखेर।

यही कुरा सत्य हो र नेपाली समाजको वास्तविक मुक्ति पनि यसैमा निहित छ, किनभने जनताको परिवर्तनको चाहना सामु षडयन्त्रका जस्तासुकै पहाड पनि तासको महलभन्दा मजबुत हुँदैनन्।

निचोडमा केलाऔं, मुलुकले साँच्चिकै र वास्तविक ठूलो परिवर्तनको माग गरिरहेछ, त्यस्तो परिवर्तनको स्वरूप संविधान मार्फत् मुखरित हुनु पर्ने जनअपेक्षा निराशामा परिणत हुँदै गएको छ।

मुलुकमा विद्यमान षड्यन्त्रको तानाबाना पनि कम चान्चुने छैन, गड्किने बादल वर्षिन्न भने जस्तै यथास्थिति चिन्तन र कर्म बोकेका दलहरू र दलाल पुँजीवाद सामु आत्मसमर्पण गरेको कथित क्रान्तिकारीहरूबीच अपवित्र सम्झौताहरू आँखा चिम्लेर भइरहेछन्।

यस्तो अवस्थामा परिवर्तनको आशा मात्रै दोस्रो अनुभूति, आशातीत अनुभूतिमा हुन जान्छ। त्यसका पनि आफ्नै बाध्यताहरू छन्।

जसमा क्रान्तिकारी पक्षले चुनौती मोल्दै संगठन निर्माण र तत्पश्चात् परिचालन गर्दा संगोलकै प्रचण्डीय पार्टी निर्माण र परिचालन विधिबाट माथि उठी द्वन्द्वात्मक भौतिकवादी विधिसम्मत गर्न सक्छ कि सक्दैन ?

दोस्रो संगठन निर्माण र परिचालनका विधिलाई माओवादी विचार राजनीतिक जगका आधारमा उठाउन सक्छ कि सक्दैन ? तेस्रो मुक्तिका निम्ति बलिदान गर्न तत्पर कार्यकर्तालाई सबै खाले भीषण अप्ठेरामा अबको नेतृत्वको छहारी के कसरी प्राप्त हुन्छ ?

चौथो, के देखाउन सक्नुपर्छ भने नयाँ क्रान्तिकारी शक्ति नै नेपाली समाज परिवर्तन गर्न भित्रैबाट इमानदारितापूर्वक लागेका छन् र तिनका हृदयमा षड्यन्त्रको गन्ध छिपेको छैन र पाँचौ, जनतामा यो विश्वास दिलाउनु पर्छ कि नेपाललाई जनअधिकार सम्पन्न स्वतन्त्र र स्वाधीन राष्ट्र निर्माणको संघर्षमा नयाँ क्रान्तिकारी शक्तिले नेतृत्व प्रदान गर्न सक्षम छ र यिनले अघिल्लो नेतृत्वले झैं बिचमा गएर जनतालाई धोका दिने छैनन्।

# माओवादी...

सुरु भयो। अमेरिकाले द्वितीय विश्वयुद्धमा खसालेका सबै बमको संख्या जोड्दा पनि लाओसमा खसालेको बमको संख्या कम हुने अनुमान गरिन्छ।

युद्धका अन्त्यमा एक तिहाइ लाओसबासीहरू गुफामा शरणार्थी बन्न पुगेको इतिहास ताजै छ।

हाइटीमा पपडोक तानाशाहलाई स्थापना गरी सिआईएको अगुवाइमा तानाशाहको निजी पुलिस बलद्वा एक लाख मानिस मारेर अमेरिकाले उसको निरासाजनक मानवअधिकार रेकर्डको प्रतिरक्षा गरेको थियो।

१९६१ मा सिआईएले 'अप्रेशन मङ्गुस' नामले चिनिने योजनामा १५०० क्यूबाली शरणार्थीलाई गुप्त तालिम दिएर क्यूबामाथि आक्रमण गर्न पठायो तर विफल भयो। यो सिआईएका लागि पहिलो सार्वजनिक झट्का भयो थियो जसका कारण तत्कालीन राष्ट्रपति क्यानेडीले सिआईए निर्देशक एलन दुल्लेलाई बर्खास्त गरे।

डोमीनिकन गणराज्यमा आफैंले स्थापित गरेर ३० वर्षदेखि समर्थन गरेको राफेल टुजिलो जस्ता तानाशाहलाई गणराज्यको ६० प्रतिशत व्यापार उसका कब्जामा भएकाले अमेरिकाको व्यापारिक हित हुन नसकने अझ बरु उल्टै अमेरिकासित प्रतिस्पर्धा हुने भने ठ्याएर सिआईएले उनलाई सत्ताच्यूत गराई हत्या गऱ्यो।

इक्वेडर, कङ्गो (जायर), ब्राजिल, इन्डोनेसिया, ग्रीस आदि जस्ता देशका ठूला-ठूला राजनीतिक हत्या र चुनाव जितेका सरकारहरूलाई सत्ताच्यूत गर्ने कर्तुत सिआईएले लगातार गरी नै रह्यो।

सन् १९६५ मा साम्यवादी विचार बोकेका हुनाले ५ लाख नागरिकको जनरल सुहार्तोद्वारा संहार गराइयो। देशभित्रकै सिआईएद्वारा नै ती सन्दिग्ध कम्युनिस्टहरूको नाम सुहार्तोलाई दिइएको थियो।

सन् १९६६ मा अमेरिकामै भएको द ऱ्याम्पर्टस् भन्ने एउटा बाम पक्षीय पत्रिका कान्ड धेरैले सुनेकै हुनुपर्छ। त्यस पत्रिकाले एक पटक सिआईएका बारे शृङ्खलाबद्ध लेखहरू प्रकाशन गर्न सुरु गरेर उसको नकाव अमेरिकामा उतारी दियो ती अभूतपूर्व लेखका एक शृङ्खलामा सिआईएले मिचिगन विश्वविद्यालयलाई २५ मिलियन डलर भुक्तानी गरेको थियो। गुप्त पुलिसलाई प्रोफेसरका भेषमा दक्षिण भियतनामी विद्यार्थीहरूलाई प्रशिक्षित गराएर एमआईटी लगायत अन्य विश्वविद्यालयलाई पनि यस्तै प्रकारको काम गरेबापत् मोटो रकम भुक्तानी दिएको, अनि राष्ट्रिय छात्र संघ समेत सिआईएको आफ्नै विद्यार्थी मोर्चा रहेको कुरा पत्ता लाग्यो। विश्वविद्यालयलाई घुस खुवाएर, ब्ल्याक मेल गरेर, नक्कली छात्रछात्रा भर्ना गराएर, उसले सिआईएको सुराकी गराएका प्रमाणहरू हवारहवारती बाहिर निस्कन थाले। हाम्रो देश नेपालमा पनि ठ्याक्कै यही कुरा सत्य हुने देखिन्छ। त्यो अझै जारी छ र त्यसको नकाव कसले उतार्ने ?

ग्रिस, बोलिभिया, उरुग्वे, चिलीमा (कम्युनिस्ट लोकप्रिय नेता सालभाडोर अलेक्डेको हत्या) अस्ट्रेलिया (वाम प्रम. एडवार्ड ह्वीटलामको सत्तापलट), अङ्गोला, इरान, अफगानिस्तान, एलसाल्भाडोर, निकारागुवा (मार्क्सवादी सरकारविरुद्ध गुरिल्ला उक्साहट), होन्डुरस, पानामा, गल्फयुद्ध (इराक) हुँदै लिबिया आइपुगेको छ।

हाल आएर सिआईएलाई सिधै सघाउने वा अप्रत्यक्ष सम्लग्नता जनाउने अन्य अन्तर्राष्ट्रिय खुफिया सङ्गठनहरूमा भारत, जर्मनी, इजरायल, बेलायत, नर्वे, पाकिस्तानका सङ्गठनहरू पर्दछन्।

जनयुद्धका मध्यान्हमा 'अपरेसन मुस्ताङ'को नाममा लाजिम्पाटमा थुप्रै घरहरू भाडामा लिएर बेलायती सहयोगका आवरणमा 'रअ' र सिआईएले संयुक्त रूपमा बुनेको नेपालमा ठूलै विध्वंश मच्चाउने योजनाको पर्दाफास जनयुद्ध सकिने बित्तिकै गुप्तचर विभागका मानिसहरूबाटै नेपाली पत्रिकामा शृङ्खलाबद्ध रूपमा छताछुल्ल भएको थियो।

त्यहाँको बहुमूल्य सामान र गाडी खोसाखोस हुने रोलक्रममा यस्तो हुन पुग्यो। नेपाल ठूलो दुर्घटनाबाट बच्यो। अहिले पनि यस्ता कति अन्य 'गेम-प्लान अँध्यारा कोठामा चलिरहेका होलान्, कसलाई के थाहा ? क्रमशः

# 'प्रणाली उल्टयाउने बकबास बन्द गर्न' प्रचण्डको चेतावनी

**काठमाडौं।** दुईतिहाईको बहुमतको सरकारका प्रधानमन्त्री केपी शर्मा ओली र सत्ताधारी नेपाल कम्युनिस्ट पार्टी (नेकपा) का अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डका पछिल्लो समय अभिव्यक्तिले अहिले संविधान र गणतन्त्रविरुद्ध गम्भीर खतराको संकेत गरेको नेपाली राजनीतिक वृत्तमा चर्चाको विषय बनेको छ।



केही समयअघि रामेछापमा आयोजित एक कार्यक्रमलाई सम्बोधन गर्दै अध्यक्ष प्रचण्डले प्रतिगमनकारी शक्तिहरूलाई प्रणाली उल्टाउने बकबास बन्द गर्न चेतावनी दिँदै सरकारको उदारता र संयमलाई हेरेर केही तत्त्व बढ्दै हौसिएको बताएका हुन्।

'हामीले उदारतापूर्वक ज्ञानेन्द्रलाई नागार्जुन दरबारमा सुरक्षासहित बस्ने अधिकार दिएका छौं। हामीले उदारतापूर्वक लोकतान्त्रिक प्रणालीभित्र बस्न दिएको त अहिले ८-१० वर्ष बित्न नपाउँदै, संविधान घोषणा भएको र निर्वाचन भएको २ वर्ष नपुग्दै उनीहरूले जे बकवास गर्न थालेका छन्, बकबास गर्न बन्द गरे हुन्छ' अध्यक्ष दाहालको चेतावनी थियो।

म भन्न चाहन्छु- 'संविधानसम्मत ढंगले चल्ने कुरामा, संवैधानिक दायरामा चल्ने कुरामा यो सरकार अत्यन्त प्रसन्नतापूर्वक विरोधको पनि स्वागत गर्दछ। तर, सरकारको आलोचनाका नाममा प्रणाली उल्टाउँछु भन्ने, प्रतिगमन गर्छु भन्ने, संविधान अस्वीकार गर्छु भन्ने कुरा अहिलेको सरकारलाई मान्य हुँदैन।'

'जुन संस्था र निकायका कुरा गर्नेहरू ती संस्था जिउँदै हुँदा हामीले ठेगान लगाएका छौं। अहिले चिहानमा गएर हड्डी फुकेर त्यो संस्था फर्काउँछु भन्ने खालका परिकल्पना समेत गरेर उफ्रिएको देखिन्छ। यो बेमौसमको बाजा नबजाए हुन्थ्यो' उनले सुनाए।

यस्ते प्रधानमन्त्री केपी शर्मा ओलीले समेत संसद बैठकमा प्रणालीकै विरुद्धमा आवाज उठ्न थालेकाप्रति तीव्र आलोचना गर्दै भने 'यो दुस्साहस कहाँबाट, कसरी आयो ? बढ्दो हिंसाविरुद्ध, शान्तिका पक्षमा सरकार एक्लै लड्ने कि विपक्षीले पनि साथ दिने ? लोकतन्त्रको आधारभूत सवाल र संविधानलाई बलियो बनाउने विषयमा हामी सबै एक ठाउँमा किन नहुने ?'

अध्यक्षद्वयका पछिल्ला अभिव्यक्ति मात्र होइन नेताहरूले समेत कोठे बैठकमा 'षड्यन्त्र सुरु भएको' चर्चा गरे पनि सार्वजनिक रूपमा भने यो व्यवस्थाविरुद्ध कसैको तागत चलन्ने अभिव्यक्ति दिएको सुन्न पाइन्छ।

# माओवादीभित्रको रातो आतङ्क– १

– विचार-दृष्टिकोण –

**शिला संसार**

**विषय प्रवेश**

नेपालको राजनीतिक वृत्तका केन्द्रमा विगत १६ वर्षदेखि लगातार एकछत्र राज जमाउने तत्कालीन माओवादी राज्यसभामा पुग्नबाट धेरै पटक चुक्यो। त्यसको प्रधान र गौण कारणबारे खोजबिन र विश्लेषण गर्नु यस आलेखको उद्देश्य हो।

नेपाली राज्यसत्ताका ज्यादै नजिक पुगेर पनि वैधानिक विद्रोह वा सशस्त्रमध्ये जुनसुकै प्रकारका जनहस्तक्षेपको प्रयोग गर्दा पनि राज्यसत्ता तुलनात्मक रूपमा सजिलै हात लाग्ने स्थितिमा पनि किन यस्तो अचम्म हुन पुग्यो। संसारभरि सर्वहारा वर्गीय सत्ताको संसारभरि नै अनिकाल परेका विषम परिस्थितिमा नेपाल त्यस्तो सम्भव अवस्थामा आइपुग्नु साम्राज्यवादी, भारतीय विस्तारवादी र नवउदारवादी पुँजीवादी शक्तिका लागि राजनैतिक र मनोवैज्ञानिक दुवै कोणबाट घोर संकटको विषय थियो भने नेपाली र विश्वसर्वहारा वर्गका लागि भने शान्ति र सम्वृद्धिको उज्यालो बिहानी हुने दह्रो आशा थियो। तर आत्मगत र वस्तुगत दुवै परिस्थिति अनुकूल हुँदाहुँदै पनि सारा सपना धराशायी हुँदै कल्पना नै नगरिएको प्रतिरक्षात्मक तहमा आइपुग्नका भित्री र बाहिरी कारणहरू केलाउनका लागि राष्ट्रिय र अन्तर्राष्ट्रिय पृष्ठभूमिमा पर्ने हुन्छ। यसबारे केही विश्लेषण भएका भए पनि ती पूर्ण छैनन् र झन् जनताका तह र भाषामा यसको सूचना पुऱ्याइने पहल न्यून छ। सामान्यतया आम जनतालाई र खासमा सर्वहारा जनतालाई यस सूचनाबाट वञ्चित गरिनु हुन्न।

**साठ्ठीका दशकको रातो आतङ्क**

द्वितीय विश्वयुद्धका अन्त्य पछि एसिया, अफ्रिका, ल्याटिन अमेरिका र अन्य क्षेत्रका क्रान्तिकारी जनसमुदायको साम्राज्यवाद र उपनिवेसवादी देश र तागतसँग अन्तर्विरोध र द्वन्द्व चर्कियो। साम्राज्यवाद र उपनिवेशवाद विरोधी संघर्षका मामलामा एसियाली, अफ्रिकाली र ल्याटिन अमेरिकालीहरू सबैभन्दा अगाडि जबरजस्त खडा भए। एकपछि अर्को गरी क्रान्तिकारी सशस्त्र संघर्ष छेडिन थाले र त्यस शृङ्खलामा तिनले सानदार जित हासिल गर्दै दुनियाँको पुरानो बोल्ड अर्डर नै बदलियो। १९४९ को निचियाँ क्रान्तिपछि, १९५३ मा अमेरिकी आक्रमणका खिलाफमा प्रतिरोध युद्धमा कोरियाली जनताको सानदार जीत तथा जन्मभूमिको रक्षाका लागि १९५५ को अफ्रो-एसियाली देशको बाङडुङ सम्मेलन, स्वेज नहरबारेका युद्धमा मिश्रेली जनताको जीत, १९५६ मा ल्याटिन अमेरिकातिर, १९५९ को क्यूवाको क्रान्तिकारी आन्दोलन, १९७० का दशकको चिलीको लोकतान्त्रिक संघर्ष, १९८२ मा अल्जेरियाको राष्ट्रिय मुक्ति युद्धमा जीत आदि वीरताका एक शृङ्खला पार गरेपछि साम्राज्यवाद र उपनिवेशवादी शक्तिहरू खास गरी अमेरिकी साम्राज्यवाद र उसका मतियार देशहरू अत्तालिएका थिए। १९७२-७५ तिर भियतनाम कम्बोडिया र लाओस्का जनताले अमेरिकी दादागिरीलाई लज्जजनक रूपमा हराए पछि र १९७५ राष्ट्रिय मुक्तिका लागि गिनी-बिसाऊको आन्दोलन, मोजाम्बिकको स्वतन्त्रता आन्दोलन र १९७० का दशकमा अन्य देशहरूमा भएको स्वतन्त्रता आन्दोलनको विजय, मिश्र, सुडान र दक्षिणपूर्व एशिया समेत अफ्रिका, ल्याटिन अमेरिका र अन्य विश्व भूभाग समेत गरेर ८० भन्दा बढी देशमा जितिएका स्वतन्त्र संग्रामहरूका कारण दुनियाँमा झाङ्गिएको क्रान्तिकारी परिवर्तनले औपनिवेशिक प्रणालीको ढाड भाँचिन थाल्यो। पुँजीवादी र सामन्तवादी आर्थिक प्रणालीको एकछत्र साम्राज्य क्रमशः ढल्न थाल्यो। अमेरिकी साम्राज्यवाद जसतो तथाकथित महाशक्तिले पहिलोचोटि एक ऐतिहासिक झड्का सहनु पऱ्यो भने उता सोभियत सामाजिक साम्राज्यवाद पनि उदाउने बित्तिकै करिव-करिव पश्चिमी महाशक्ति संयुक्त राज्य अमेरिकाकै नाजुक स्थितिमा रहन पुग्यो। यसरी अब तेस्रो संसार मुख्य शक्तिका रूपमा जबरजस्त देखा पऱ्यो र विश्वलाई एउटा नयाँ तर अभूतपूर्व स्थितिमा ल्याइ पुऱ्यायो।

केही अपवादलाई छोडेर रुसी अक्टुबर क्रान्ति र चिनियाँ क्रान्ति पछि संसारका धेरै देशमा एकपछि अर्को गर्दै सच्चा कम्युनिस्ट पार्टीहरूको पनि द्रुततर निर्माण हुन थाल्यो र सर्वहारा वर्गको नेतृत्वमा किसान र मजदुर गठबन्धनका आधारमा साम्राज्यवाद विरोधी ठूला-ठूला क्रान्ति छेडिन थाले। यो नै ६० का दशकको रातो आतङ्क थियो। साम्राज्यवाद र उपनिवेशवादी शक्तिहरू तथा सोभियत कम्युनिस्ट भन्ने तर सारमा संशोधनवादी र नक्कली समाजवादीहरू पनि यस आतङ्कका सिकार हुन थाले। यसै रातो आतङ्कका जगमा विश्वका मानव जातिले खासगरी शोषित पीडित श्रमजीवी बहुसंख्यक विश्व जनसमुदायले मानव इतिहासको लामो कालखण्ड पछि शान्ति र समृद्धिको विरुवा रोप्ने अवसर पाए।

'देशहरू स्वतन्त्रता चाहन्छन्, राज्यहरू मुक्ति चाहन्छन्, जनताहरू क्रान्ति चाहन्छन्' भन्ने माओका प्रेरणादायक उक्तिहरू त्यसैताका नेपाल र विश्वभर गुञ्जायमान थिए। सन् १९७२ फेब्रुअरी २८ मा अमेरिकी राष्ट्रपति चीनमा छँदा जारी गरिएका सङ्घाई घोषणा पत्र (बुँदा ६) मा समेत यो अडान प्रष्ट लेखिएको छ।

अप्रिल १९७४ मा संयुक्त राष्ट्र महासभाको विशेष सत्रमा चिनियाँ प्रतिनिधि दलका नेताहरूले सत्यनिष्ठापूर्वक चिनियाँ सरकार र जनताका तर्फबाट बकाइदा के घोषणा गरे भने 'यदि एक दिन चीन पनि उसको राजनीतिक रंग बदलेर एक महाशक्तिका रूपमा तानाशाही दुनियाँमा खेल्न थाल्यो भने र अन्यसँग बदमासी, अरुमाथि आक्रमण र शोषण गर्न थाल्यो भने संसारका बाँकी जनताले चीनलाई सामाजिक साम्राज्यवाद भनेर घोषणा गर्नुपर्छ र नकाब खोली दिनुपर्छ। त्यतिबेला त्यस चीनको विरोध गर्दै चिनियाँ इमानदार जनताको साथ लिएर बकाइदा त्यसलाई उखालेर फालिदिनु पर्छ। म सोध्न चाहन्छु कि अरु कोही प्रतिनिधि वा सत्ता यस्तो स्पष्ट र इमानदार बयान दिन हिम्मत गर्नसक्छ ?'

**विश्वव्यापी रातो आतङ्क र खुफिया एजेन्सीहरू**

माथि वर्णित संक्षिप्त पृष्ठभूमिमा साम्राज्यवादी र पुँजीवादीहरूलाई सहिनसक्नु भयो। यो जनताको रातो आतङ्कसँग हाकाहाकी जुझ्दा झन् बदनाम हुने खतराले गर्दा अमेरिकी खुफिया एजेन्सी सी.आई.ए.ले भूमिगत प्रतिरोध समूहलाई सहायतासहित शत्रुतापूर्ण राज्यका विरुद्धा ठूला परिमाणमा तोडफोड, ग्रुप कारबाही, स्वेशी कम्युनिस्ट विरोधी तत्वको गुप्त समर्थन, कुप्रचार, आर्थिक युद्ध, प्रत्यक्ष कारबाही, विध्वंश तथा राष्ट्रिय मुक्ति आन्दोलन प्रक्रियामा संलग्न तथा मुक्त दुनियाँमाथि दादागिरी र धम्की दिन सुरु गऱ्यो।

त्यस खुफिया एजेन्सीले इटलीमा कम्युनिस्टहरूले चुनाव जित्ने स्थिति देखेर चुनाव भाँड्ने धम्की दियो र चुनावलाई भ्रष्टीकरण गरिदियो। सि.आई.ए.ले गुप्त रूपमा मतपत्र किन्ने, विपक्षी नेतालाई धम्काउने, कुटपिट गर्ने, कम्युनिस्ट संगठनभित्र घुसपैठ गराउने, पार्टीलाई तहसनहस पार्ने जस्ता काम गरेर एकदम बलिया कम्युनिसटिहरूलाई पनि चुनावमा हराइ छाड्यो।

युरोपमा सि.आई.ए. ले आफ्नो पहिलो प्रमुख प्रचार आउटलेटका रूपमा 'रेडियो फ्री युरोप' को प्रसारणबाट यति धेरै झुट ओकलेर युरोपेली जनतालाई कम्युनिस्ट विरोधी भड्काउमा डोऱ्याउने प्रयास गऱ्यो कि कतिपय देशले त यस रेडियो फ्री युरोपलाई अवैध घोषित गर्न बाध्य भए र कालान्तरमा यो प्रसारण धेरै बदनाम पनि भयो।

सि.आई.ए. ले अमेरिकी समाचार संगठन र मिडियामा पत्रिकारका रूपमा जासुसी गराउन सुरु गऱ्यो र त्यो प्रक्रिया हालसम्म पनि कायम छ। आखिरमा गएर वासिङ्टन पोष्ट एबीसी, टाइम, न्यूजवीक, एसोसियट प्रेस, संयुक्त प्रेस इन्टरनेशनल, राइटर, हर्स्ट समाचार पत्र, स्क्रिप्स हार्वड, कोप्ले समााचार सेवा आदिभित्र सि.आई.ए. ले राम्रै पकड जमायो। आफ्ना एजेन्ट प्रवेश गराएर कमसेकम २५ मिडिया संगठन र करिव चार सय एजेन्ट पत्रकार बनाइए। यो काम हालसम्म पनि युरोप दक्षिण अमेरिका र एसियामा लगातार चलिरहेको छ हाल नेपालमा ठूला मिडिया हाउसभित्र र बाहिर गरी सयौं पत्रकारहरू सि.आई.ए. का जासुसका रूपमा काम गरिरहेका अनुमान छ। पत्रकारको बिल्ला भिराएर कम्युनिस्टहरूको किल्ला ध्वंश गर्नु र समाचारमा एकमना राज्य कायम गर्नु उनीहरूको मक्सद थियो। माओवादीहरूप्रति यति ठूलो जनसमर्थन हुँदाहुँदै पनि संविधानसभाका चुनावमा अत्याधिक बहुमत आउनबाट रोकिनु सि.आई.ए. को यही मिडिया रणनीति कामयावी भएको हो भन्ने पनि सूक्षम विश्लेषणले देखाउँछ। नेपालमा 'सुकिला' उपनामले चिनिने अधिकांश पत्रकार र मानव अधिकारवादीहरूमा सि.आई. ए. को राम्रै पकड देखिन्छ। झट्ट सुन्दा पत्याउनै गाह्रो लाग्ने पार्टीभित्र घुसाइएका सि.आई.ए.का एजेन्टहरू उपल्लो तहका पुगेको विश्लेषण हुँदै गर्दा ती सि.आई.ए. का थिङ्क ट्याङ्कहरूहरूको विश्लेषण र सूचनाका आधारमा नेपाली र भारतीय डनहरूका प्रयोगमा को-को देशभक्त तथा कम्युनिस्टहरूको मदन भण्डारी र विरेन्द्रको वंशनास जस्तै रहस्यमय ढंगले हत्या हुने हो त्यो दिन धेरै टाढा छैन।

इरानमा सि.आई.ए.ले १९५३ मा लोकतान्त्रिक ढंगले निर्वाचित महम्मद मस्सदेघको सत्ता सैन्य तख्तापलटको माध्यमबाट उल्टाइएको थियो। बेलायती तेल कम्पनीको समेत राष्ट्रियकरण गर्ने धम्की दिइयो र सि.आई.ए. ले साहन शाह जस्तो तानाशाहलाई महम्मद मस्सदेघको ठाउँमा स्थापित गरिदियो जसको गुप्तचर पुलिस, सेभाकलाई गेष्टापो जस्तै क्रूर बनाइयो। सि.आई.ए. ले ब्रेन वासिङ जस्तो खतरनाक कार्यक्रम ल्याएर उनमाथि नियन्त्रण सुरु गऱ्यो। यस योजनाको सबभन्दा कुख्यात हिस्सा कसैका जानकारी विना र व्यक्तिका इच्छा विरुद्ध अमेरिकी एलएसडी विष र अन्य मनौषधी सामेल गरिएको थियो। केही कमजोर कम्युनिस्ट नेताहरूमाथि ब्रेन वासिङ अप्रेसन अझैसम्म पनि जारी रहेको अनुमान छ। रक्फेलर र फोर्ड फाउन्डेसन मार्फत् केही हिस्सा लगानी गरिएको यस कार्यक्रम अन्तर्गत अनुसन्धान, प्रचार, दिमाग धुने, जनसम्पर्क, विज्ञापन, सम्मोहन तथा अन्य रूप पर्दछन्।

हालसम्मका अमेरिकी सिआईएका जनविरोधी कुकर्महरूमा १९५४ को ग्वाटेमालाको लोकतान्त्रिक निर्वाचनबाट विजयी याकुब अरबेन्जका सरकारको सैन्य तख्तापलट, भियतनाममा सिआईएद्वारा १९५४ देखि १९५८ सम्म गराएका घटनाले निम्ताएको अमेरिकी हस्तक्षेपको विफलता र सिआईए अधिकारी एडवर्ड लस्दाँले आफैं उत्तरी भियतनाममा त्यहाँको भियतनामी सरकारलाई लगातार ४ वर्षदेखि उखालेर फ्याँक्ने कोसिस गरिरहँदाको परिणाम नै भियतनामी युद्ध हुन पुग्यो। १९५७-७३ भित्र लाओसमा सिआईएले लोकतान्त्रिक चुनावलाई खतम गर्न र आफ्ना अनुकूलको कठपुतली सरकार स्थापित गरी प्रतिवर्ष लगभग एक पटक तख्ता पल्टाउने कोषिस गरी नै रह्यो।

**सिआई सेनाको हार टार्न अमेरिकी बमबारी**

——क्रमशः दोस्रो पृष्ठमा



# पुडासैनी प्रकरणमा दुईथरी प्रदर्शन

**चितवन ।** पत्रकार शालिकराम पुडासैनीको 'आत्महत्या' प्रकरणमा शुक्रबार र शनिबार दुइथरी प्रदर्शन भए । अनुसन्धानका लागि प्रहरीले टेलिभिजन प्रस्तोता रवि लामिछाने सहित तीन जनालाई पक्राउ गरेपछि चितवनको अवस्था तनावपूर्ण भएको हो ।

रविलाई प्रहरीले काठमाडौंबाट पक्राउ गरेर चितवन लगेलगत्तै उनको समर्थनमा 'समर्थक' हरूले प्रदर्शन गरे । प्रदर्शनले उग्ररूप लिएपछि शुक्रबार साँझ प्रहरी र प्रदर्शनकारीबीच झडप समेत भयो । झडपमा एक असईसहित सात प्रहरी घाइते भए । चार जनाको खुट्टा र तीन जनाको हातमा चोट लागेको थियो ।

शुक्रबारसम्म 'समर्थक' हरूको मात्रै एकपक्षीय प्रदर्शन भए पनि शनिबार भने पुडासैनीले न्याय पाउनुपर्ने भन्दै अर्को समूहले समेत प्रदर्शन गरेको छ । शनिबार पनि रवि लामिछानेको समर्थनमा जिल्ला प्रहरी कार्यालय बाहिर प्रदर्शन गरिरहेका 'अन्धभक्त' हरू र प्रहरीबीच झडप भयो । एउटा प्रहरी भ्यानमा 'समर्थक' हरूले ढुंगा प्रहार गरेपछि प्रहरीले लाठीचार्ज गरेको थियो ।

अवस्थालाई नियन्त्रणमा लिन प्रहरीले दुई राउन्ड अश्रुग्यास समेत प्रहार गर्नु परेको जिल्ला प्रहरी कार्यालय चितवनका प्रवक्ता डीएसपी एकनारायण कोइरालाले जानकारी दिएका छन् । प्रदर्शनकारीले हानेको ढुंगाले लागेर प्रहरी भ्यानको अगाडिको सिसा फुटेको कोइरालाले बताए ।

'अहिले सुरक्षा व्यवस्था कडा पारिएको छ,' उनले भने- 'ठाउँ-ठाउँमा नेपाल प्रहरी र सशस्त्र प्रहरी खटाइएको छ, प्रदर्शनकारी पनि ठूलो संख्यामा सडकमा आएका छन् ।' जिल्ला अदालत चितवनले रविसहित तीन जनालाई पाँच दिन हिरासतमा राखेर अनुसन्धान गर्ने समय दिएको छ ।

नुवाकोटका पुडासैनीले आत्महत्या गर्नुअघि रवि लामिछाने सहितका तीन जनाको नाम उल्लेख गर्दै उनीहरूले नै आफूलाई मर्न बाध्य बनाएको भनी रेकर्ड गरेको भिडियो सार्वजनिक भएपछि प्रहरी उनीहरूलाई पक्राउ गरी अनुसन्धान गर्न बाध्य भएको हो ।

# राप्ती प्रतिष्ठान चिकित्सकको हानथाप : सेवाग्राही मर्कामा

**घोराही ।** राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपकुलपति डाक्टरको शक्ति प्रदर्शन र अन्य डाक्टरहरूको आलोलनले सेवाग्राही मर्कामा परेका छन् ।

उपकुलपति डा सङ्गीता भण्डारीले प्रतिष्ठानमा कार्यरत अन्य डाक्टरलाई प्रतिष्ठानबाट निकाल्न खोजेको भन्दै सबै डाक्टर आन्दोलित भएपछि बिरामीहरू मर्कामा परेका हुन् ।

डा. भण्डारीले अन्य डाक्टरलाई बिरामी जाँच्न नदिने, पटक-पटक धम्की दिने, विनाकारण स्पष्टीकरण सोध्ने मानसिक तनाव दिने गरेको आरोप लगाउँदै त्यहाँ कार्यरत डाक्टरहरू आन्दोलित भएका हुन् । बिरामी जाँच नगरी डाक्टरहरूले बुधबार बिहानैदेखि अस्पतालको प्रवेशद्वारामा धर्ना दिएर उपकुलपतिको विरुद्धमा आन्दोलन नाराबाजी गरेका थिए ।

तत्कालीन उपक्षेत्रीय अस्पताल, प्रतिष्ठान बनेपछि उपकुलपति भण्डारीकै नेतृत्वले नियुक्त गरेका डाक्टर अहिले अस्पतालमा कार्यरत छन् । तर उपकुलपति र रजिष्ट्रार रामप्रसाद प्याकुरेलले बिना कारण निकाल्न खोजेपछि आफूहरू आन्दोलनमा उत्रिएको डाक्टरले बताएका छन् ।

सबै डाक्टर आन्दोलनमा उत्रेपछि अलपत्र परेका बिरामीकै आग्रहमा उनीहरू डाक्टरले दुई घण्टा मात्रै उपचारमा खटिएको सहमत भएका छन् । प्रतिष्ठानमा कार्यरत मेडिकल अफिसर डा मनोज यादवलाई प्रतिष्ठानका उपकुलपति डा भण्डारीले निकालेपछि अन्य ११ जनाभन्दा बढी विशेषज्ञ डाक्टर आन्दोलित बनेका हुन् ।

डा. यादवले बिरामीको ल्याब टेष्टका लागि प्रतिष्ठान बाहिर पठाएको भन्दै उपकुलपति भण्डारीले कामबाट निकाल्ने, अनुभव पत्र नदिने, नेपालमा जागिर खान नमिल्ने गरी निकाल्ने जस्ता धम्की दिएर मानसिक तनाव दिने गरेको उनीहरूको आरोप छ ।

# मेलम्चीको बाँकी काम सिनो हाइड्रोलाई

**काठमाडौं ।** मेलम्ची खानेपानी आयोजनाको बाँकी काम सम्पन्न गर्ने कामको जिम्मा चिनियाँ निर्माण कम्पनी सिनो हाइड्रोलाई दिइने भएको छ । मेलम्ची खानेपानी विकास समितिले बुधबार कम्पनीलाई ठेक्का स्वीकार गरिएको पत्र पठाउने निर्णय गरेको समितिका कार्यकारी निर्देशक सूर्यराज कँडेलले जानकारी दिए ।

कार्यकारी निर्देशक कँडेलले भने, 'आशय सूचना सकियो भोलि हामी बैठक बस्छौं र ठेक्का एसेप्ट गरेको पत्र दिन्छौं, चिनियाँ कम्पनी सिनो हाइड्रोलाई ठेक्का दिइने पक्कापक्की जस्तै भएको छ ।

उनका अनुसार समितिले अनुमान गरेभन्दा करिब १५ प्रतिशत अर्थात ४५ प्रतिशत देखि ५० करोड रूपैयाँ कममा सिनो डाइड्रोले बोलपत्र पेस गरेको थियो ।

# प्रहरीलाई घुस दिन खोज्ने फन्दामा

**काठमाडौं ।** प्रहरीलाई घुसको प्रभावमा पारी जुवा खेलाउने वातावरण मिलाउन खोज्ने भक्तपुरस्थित सूर्यविनायकका एक व्यक्ति फन्दामा परेका छन् ।

अख्तियार दुरूपयोग अनुसन्धान आयोगले प्रहरीलाई पैसाको प्रलोभनमा पार्न प्रयास गरेको आरोपमा भक्तपुर नगरपालिका- १ का गङ्गालाल श्रेष्ठलाई ४० हजार रूपैयाँसहित पक्राउ गरेको हो । सूर्यविनायक नगरपालिका-५ सल्लाघारीमा एक घर भाडामा लिई जुवा खेलाउँदै आएको सूचनाका आधारमा महानगरीय प्रहरी परिसर भक्तपुरले छापा मारी जुवा खेल्ने र खेलाउनेलाई पक्राउ गरेको थियो ।

जुवा तास खेलाउनका लागि सहज वातावरण बनाई दिनुपर्‍यो भन्दै प्रहरीलाई घुस दिन खोज्ने श्रेष्ठलाई आयोगको कार्यालय टंगालबाट गएको टोलीले महानगरीय प्रहरी परिसरबाट पक्राउ गरेको प्रवक्ता प्रदीपकुमार कोइरालाले बताए ।

# स्वास्थ्य परीक्षणका लागि प्रम ओली सिंगापुरतर्फ : कार्यभार पोखरेललाई

**काठमाडौं ।** लामो समयदेखि मृगौलापीडित प्रधानमन्त्री केपी शर्मा ओली स्वस्थ्य परीक्षणका लागि प्रधानमन्त्रीको कार्यभार उपप्रधान तथा रक्षामन्त्री ईश्वर पोखरेललाई दिई सिङ्गापुरस्थिततर्फ लागेका छन् ।

ओलीलाई बिदाइ गर्न राष्ट्रियसभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिना, उपप्रधान तथा रक्षामन्त्री ईश्वर पोखरेल, गृहमन्त्री रामबहादुर थापा, परराष्ट्रमन्त्री प्रदीपकुमार ज्ञवाली, नेपाल कम्युनिस्ट पार्टी (नेकपा)का महासचिव विष्णु पौडेललगायत विशिष्ट व्यक्ति बिहीबार दिउँसो त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको अतिविशिष्ट कक्षमा पुगेका थिए ।

प्रधानमन्त्री ओलीका साथ उनकी धर्मपत्नी राधिका शाक्य, प्रमुख राजनीतिक सल्लाहकार विष्णु रिमाल, निजी चिकित्सक डा दिब्यासिंह शाह, स्वकीय सचिव राजेश ब्रजाचार्यलगायत सहभागी छन् ।

गत साउन २७ गते सिंगापुरस्थित नेसनल युनिभर्सिटी अस्पतामा स्वास्थ्य परीक्षण गराइ स्वदेश फर्किएका प्रधानमन्त्री ओली थप उपचारका लागि पुनः सिंगापुरतर्फ लागेका हुन् ।

प्रधानमन्त्री ओलीका निजी चिकित्सक डा शाहद्वारा प्रकाशित विज्ञप्तिअनुसार 'मिर्गौलासम्बन्धी एण्टिवडीको मात्रा बढी देखिन पुगेको थियो । एण्टिवडीलाई शरीरबाट निष्काशन गरी निराकरण गर्ने उपचार विधिलाई निरन्तरता दिन उहाँ त्यसतर्फ जान लाग्नुभएको हो ।'

सिङ्गापुरस्थित न्यासनल युनिभर्सिटी अस्पताल रहँदा नेपाली चिकित्सक र उताका विज्ञ टोलीले प्रधानमन्त्री ओलीको मिर्गौलाको थप परीक्षण र क्षमताको अभिवृद्धिका लागि आवश्यक उपचार गर्ने समेत डा. शाहको विज्ञप्तीमा भनिएको छ ।

यसैबीच राष्ट्रपति विद्यादेवी भण्डारीले प्रम ओली स्वास्थ्य परीक्षणका लागि सिङ्गापुर प्रस्थान गरेकाले उनको अनुपस्थितिमा उपप्रधानमन्त्री ईश्वर पोखरेललाई प्रधानमन्त्रीको कार्यभार सम्हाल्न तोकिदिएकी छन् ।

# परराष्ट्रमन्त्रीस्तरीय आयोगका बैठकबारे सदनलाई जानकारी

**काठमाडौं ।** हालै सम्पन्न नेपाल-भारत परराष्ट्र मन्त्रीस्तरीय आयोगका बैठकमा परराष्ट्रमन्त्री प्रदीप ज्ञवालीले दुई देशको सीमा सुरक्षाका, ऊर्जा, जलस्रोत, अपराध नियन्त्रण र सम्पर्क सञ्जालबारेमा छलफल भएको सदनलाई जानकारी गराएका छन् ।

नेपाल-भारत संयुक्त आयोगको बुधबार सम्पन्न बैठकबारे सदनलाई जानकारी दिँदै डुबानको समस्या, गौतमबुद्ध र निजगढ विमानस्थल र सीमास्तम्भ, सुस्ता र कालापानीको समस्या, पञ्चेश्वर परियोजना, व्यापार घाटा, परिमाणत्मक भन्सार महशुल दरका बारेमा छलफल भएको मन्त्री ज्ञवालीले बताए ।

सभामुखसँग विशेष समय माग गर्दै प्रतिनिधिसभाको बैठकमा मन्त्री ज्ञवालीले जनकपुर जयनगर रेल्वे, खाद्य तथा गुण नियन्त्रण, भूकम्प पुनर्निर्माण, हुलाकी राजमार्ग एवं दुई पक्ष साझा हितका विषयमा गहन छलफल भएको सदनलाई जानकारी गराए ।

मन्त्री ज्ञवालीका अनुसार यही भदौ ३ र ४ गते सम्पन्न दुई देशबीचको परराष्ट्र मन्त्रिस्तरीय संयुक्त आयोगको बैठकमा नेपालको तर्फबाट परराष्ट्रमन्त्रीको नेतृत्वमा ३५ सदस्यीय प्रतिनिधिमण्डल र भारतको तर्फबाट भारतीय विदेशमन्त्री सुब्रमन्यम जयशङ्करको सहभागिता रहेको थियो ।

# ज्ञान-कर्म र भक्ति : तीन योगका प्रणेता श्रीकृष्णजन्मास्टमी पर्व

**काठमाडौं ।** मुलुकभर शुक्रबार श्रद्धा-भक्तिपूर्वक भगवान श्रीकृष्णको पूजा-आराधना गरी वैदिक सनातन धर्मावलम्बीले 'श्रीकृष्णजन्माष्टमी' पर्व मनाइरहेका छन् ।

ज्ञानयोग, कर्मयोग र भक्तियोगका प्रणेता भगवान् श्रीकृष्णको जन्म द्वापरयुगमा भाद्रकृष्ण अष्टमीको मध्यरातमा भएकाले यस दिनलाई 'श्रीकृष्णजन्माष्टमी' र रातलाई 'मोहरात्रि' का रूपमा देशभरका कृष्णमन्दिरमा भगवान् श्रीकृष्णको पूजा-आराधना, प्रवचन, भजनकीर्तन गर्नाका 'व्रत' बसी रातभर जाग्राम बस्ने प्रचलन छ ।

अन्याय, अत्याचार र राक्षसी प्रवृत्तिबाट सम्पूर्ण मानवको रक्षा गर्न भगवान् विष्णुको आठौं अवतारका रूपमा जन्म लिएका श्रीकृष्णले आजीवन सत्यको पक्षमा रही सत्कर्मका लागि मानव समुदायलाई प्रेरित गरेको पौराणिक ग्रन्थमा उल्लेख छ ।

यसै अवसरमा ललितपुरको पाटनस्थित मङ्गलबजारमा रहेको प्रसिद्ध कृष्णमन्दिर, काठमाडौंको उत्तरपूर्वी भेगस्थित कागेश्वरी मनोहरा नगरपालिकामा रहेको नवतनधाम तथा उत्तरी भेगस्थित बूढानीलकण्ठमा रहेको श्रीकृष्ण भावनामृत संघको कार्यालयमा रहेको कृष्ण मन्दिरमा पनि भक्तजनको भीड लाग्ने गर्दछ ।

यसैबीच श्रीकृष्ण जन्माष्टमीको पावन अवसरमा पाटन दरबार क्षेत्रको सुरक्षा व्यवस्था कडा पारिएको छ । लाखौं हिन्दूधर्मावलम्बीले दर्शन गर्ने कृष्णमन्दिरमा भक्तजनको सुरक्षार्थ प्रहरी परिचालन गरिने महानगरी प्रहरी परिसर ललितपुरका प्रहरी उपरीक्षक दुर्गा सिंहले जानकारी दिए । कृष्णको दर्शन लागि लाम लागेका भक्तजनले राति १ बजे भगवान् कृष्णको नित्य पूजा समाप्त भएपछि दर्शनका लागि भक्तजनको घुइचो लाग्ने गर्छ ।

यस्तै पाटनस्थित मङ्गल टोल सुधार संघले व्यवस्थापनका लागि करीव तीन सय सदस्य तथा अन्य संघसंस्थाले झण्डै तीनसय स्वयमसेवक खटाउने निर्णय गरेको संघका सचिव रविदर्शन धारीले बताए ।

## – संक्षिप्त समाचार –

# सचिवालय बैठकको आह्वान र अध्यक्षता प्रचण्डले गर्ने

**काठमाडौं ।** तत्कालीन नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) बीच एकता भएपछि दुई अध्यक्षमध्येका एक पुष्पकमल दाहाल 'प्रचण्ड' ले पहिलो पटक बैठकको अध्यक्षता गर्ने भएका छन् ।



सत्तारुढ नेकपाका अध्यक्ष एवं प्रधानमन्त्री केपी शर्मा ओलीको अनुपस्थितिमा सचिवालय बैठकको अध्यक्षता र सञ्चालन अर्का अध्यक्ष प्रचण्डले गर्ने भएका हुन् । प्रधानमन्त्री निवास बालुवाटारमा बिहीबार बिहान बसेको पार्टीको सचिवालय बैठकले प्रधानमन्त्री ओली सिंगापुर रहेका बेला सचिवालय बैठक सञ्चालन गरी आवश्यक निर्णय गर्न सक्ने अधिकार अध्यक्ष प्रचण्डलाई दिएको हो ।

प्रधानमन्त्री ओली स्वास्थ्योपचारका लागि बिहीबारै सिंगापुरतर्फ लागेका हुन् । उपचारका क्रममा प्रधानमन्त्री ८-१० दिन सिंगापुरमा नै रहने र सो अवधिमा सांगठनिक एकीकरणलगायत अरु आवश्यक विषयमा अर्का अध्यक्ष प्रचण्डको नेतृत्वमा सचिवालय बैठक बस्ने र आवश्यक निर्णय लिने सहमति सचिवालय बैठकमा भएको जानकारी प्रवक्ता नारायणकाजी श्रेष्ठले दिए ।

प्रधानमन्त्री ओली र पूर्वप्रधानमन्त्री प्रचण्ड दुवै जना अध्यक्ष भए तापनि बैठकको अध्यक्षता र बैठक आह्वान प्रधानमन्त्री ओलीले मात्रै गर्दै आएका थिए । बिहीबारको सहमतिपछि भने अब ओलीको अनुपस्थितिमा प्रचण्डले बैठकको आह्वानका साथै अध्यक्षता गर्ने भएका छन् । बिहीबारको सचिवालय बैठकले प्रधानमन्त्रीको शिघ्र स्वास्थ्यलाभको कामना पनि गरेको छ ।

# करोडौं रकम हिनामिना गरेको आरोपमा म्यानेजर क्याप्प

**काठमाडौं ।** दाङको एक बैंकका म्यानेजर १८ करोड रूपैयाँ हिनामिना गरेको आरोपमा पक्राउ परेका छन् । देवः विकास बैंकका म्यानेजर घोराही- १५, भरतपुरका समिर बुढाथोकीलाई प्रहरीले पक्राउ गरेको हो ।

घोराही उपमहानगरपालिका- १०, नारायणपुरमा रहेको देवः विकास बैंक लिमिटेडका म्यानेजर बुढाथोकीले रकम हिनामिना गरेको भन्दै उक्त बैंकका सञ्चालकहरूले उनीविरुद्ध प्रहरीमा किटानी जाहेरी दिएका थिए ।

जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक राजन गौतमका अनुसार नक्कली ऋणी खडा गरी १७ करोड ९९ लाख ९० हजार रूपैयाँ हिनामिना गरेको देखिएको छ ।

# संक्रमणकालीन न्यायको काम छिट्टै टुंगोमा पुऱ्याइने

**काठमाडौं ।** प्रधानमन्त्री निवास बालुवाटारमा बसेको सत्ताधारी नेपाल कम्युनिस्ट पार्टी (नेकपा) र प्रतिपक्ष दल नेपाली काङ्ग्रेसको बैठकले शान्ति प्रक्रियाको सङ्क्रमणकालीन न्यायसम्बन्धी बाँकी काम छिटोभन्दा छिटो टुंगोमा पुऱ्याउने सहमति भएको छ ।

नेकपाका प्रवक्ता नारायणकाजी श्रेष्ठका अनुसार प्रधानमन्त्री केपी शर्मा ओलीले डाकेको दुई दलको सो बैठकमा सत्यनिरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगलाई पूर्णता दिँदै शान्ति प्रक्रियाको बाँकी काम पूरा गर्ने सहमति भएको हो ।

बैठकमा सर्वोच्च अदालतको आदेशअनुसार सत्यनिरूपण तथा मेलमिलाप आयोगसम्बन्धी विधेयकलाई संसद्को प्रक्रियाबाट सहमति गरेर छिटो टुङ्गोमा पुऱ्याउनेसमेत सहमति भएको पनि उनले बताए ।

संसद्को समितिमा छलफल रहेको विधेयकको विभिन्न पक्षका बारेमा पनि छलफल भयो, जानकारी दिँदै प्रवक्ता श्रेष्ठले शान्ति प्रक्रियाको सङ्क्रमणकालीन न्यायसम्बन्धी बाँकी कार्यभार पूरा गराउनका लागि विधेयकलाई अगाडि बढाउने सहमति भएको पनि बताए ।

श्रेष्ठका अनुसार सोही बैठकमा सत्यनिरूपण र बेपत्ता आयोगका अध्यक्ष र सदस्यको नाम सिफारिशका गर्नका लागि बनेको सिफारिश समितिलाई चाँडो नाम सिफारिश गर्न अनुरोध गर्ने निर्णय समेत भयो । गत चैतदेखि दुवैवटा आयोगका पदाधिकारी रिक्त रहँदा सङ्क्रमणकालीन न्यायसम्बन्धी काम हुन पाएको छैन ।

यसैबीच प्रतिपक्ष दलका नेता रमेश लेखकले सङ्क्रमणकालीन न्यायसम्बन्धी बाँकी काम पूरा गर्नका लागि त्यससम्बन्धी विधेकयलाई चाँडो भन्दा संसद्मा लैजाने ल्याउने सहमति भएको बताए । समितिले आयोगका पदाधिकारी नाम सिफारिश गरे पनि मन्त्रिपरिषद्ले निर्णय गरेपछि आयोगले पूर्णता पाउने लेखकको भनाइ थियो ।

# दिगो विकास लक्ष्य हासिल गर्न ऊर्जा क्षेत्रको भूमिकामा जोड

**काठमाडौं ।** ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री वर्षमान पुनले स्वच्छ, भरपर्दो र आधुनिक ऊर्जाको सुनिश्चित गरी सुखी नेपाली र समृद्ध नेपाल निर्माणको अभियानमा सरकार प्रतिबद्ध रहेको बताएका छन् ।



राष्ट्रिय योजना आयोग, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय तथा संयुक्त राष्ट्रसंघीय एशिया प्रशान्त क्षेत्रका लागि सामाजिक तथा आर्थिक आयोग (युएनस्क्याप) द्वारा राजधानीमा आयोजित दिगो विकास लक्ष्यको लक्ष्य नं सात हासिल गर्न राष्ट्रिय मार्गचित्र निर्माणसम्बन्धी राष्ट्रिय कार्यशालाको उद्घाटनमा मन्त्री पुनले दुई वर्षभित्र सबै जनतामा विद्युत्को पहुँच विस्तारसँगै समुन्नत देश निर्माण हुने विश्वास व्यक्त गरे ।

उनले आयातित इन्धनको निर्भरतालाई कम गर्ने र परम्परागत ऊर्जा विस्थापित गर्न पहाडी तथा उच्च हिमाली जिल्लामा लघुजलविद्युत् र सौर्य प्रणाली विद्युतीकरण गर्ने र तराईमा स्वच्छ ऊर्जाबाट खाना पकाउने अवस्थाको सिर्जना हुने बताए ।

राष्ट्रिय प्रशारणलाइन पुग्न नसकेका स्थानमा नवीकरणीय ऊर्जाबाट ऊर्जाको आवश्यकता पूरा गरिने उनको भनाइ थियो । मन्त्री पुनले हालको प्रतिव्यक्ति ऊर्जा खपत २४५ किलोवाट प्रतिघण्टालाई बढाएर पाँच वर्षभित्र सात हजार किलोवाट घण्टा पुऱ्याउने लक्ष्य रहेको पनि उल्लेख गरे ।

मन्त्री पुनले भारतसँग विद्युत् खरीद सम्झौता भएको, अन्तरदेशीय प्रशारण लाइनलाई प्राथमिकता दिइएको बताए । राष्ट्रिय योजना आयोगका सदस्य डा कृष्णप्रसाद ओलीले दिगो विकास लक्ष्य हासिल गर्ने गरी १५औं योजना लागू भइसकेको र दिगो विकास लक्ष्यसम्बन्धी नेपालको मार्गचित्र तयार गरिएको उल्लेख गर्दै दिगो विकास लक्ष्यको सातौं लक्ष्यले निर्दिष्ट गरेको उपयोग गर्न सक्ने र स्वच्छ ऊर्जाको सुनिश्चितताका लागि सरकारले जलविद्युत् र नवीकरणीय ऊर्जालाई उच्च प्राथमिकतामा राखेको बताए ।

उनका अनुसार हाल ८०.७ प्रतिशत जनताको पहुँचमा रहेको विद्युत् सुविधालाई सन् २०३० मा ९९ प्रतिशत, सोही अवधिमा नवीकरणीय ऊर्जाको उपयोगलाई २२.१ प्रतिशतबाट ५० प्रतिशत, जलविद्युत् उत्पादनको क्षमता २३०१ मेगावाटबाट १५ हजार मेगावाट, सार्वजनिक यातायातमा विद्युतीय सवारीको अवस्था पाँच प्रतिशतबाट ५० प्रतिशत पुग्नेछ ।

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव दिनेश घिमिरेले जलविद्युत् आयोजना र नवीकरणीय ऊर्जा प्रविधिको प्रवर्द्धनसम्बन्धी विभिन्न परियोजना कार्यान्वयनका चरणमा रहेकाले दिगो विकास लक्ष्यले ऊर्जाका क्षेत्रमा निर्देशित गरेको लक्ष्य हासिल गर्न सरकार सक्षम हुने बताए ।

विद्युत निगमन आयोगका अध्यक्ष डिल्लीबहादुर सिंहले सरकारले दिगो विकास लक्ष्य हासिल गर्न राखेका ऊर्जासम्बन्धी लक्ष्यहरू हासिल गर्ने गरी आयोगले आफ्ना काम कारबाहीलाई अगाडि बढाएको बताए ।

# स्वच्छ र शुद्ध खानेपानी सबैको पहुँचमा पुऱ्याउने मन्त्री मगरको दावी

**काठमाडौं ।** खानेपानीमन्त्री बीना मगरले देशभरका प्रत्येक नागरिकमा स्वच्छ र शुद्ध खानेपानी पुऱ्याउन सरकार लागिरहेको बताएका छन् ।

देशभरका सबै प्रदेशका जनतालाई शुद्ध खानेपानी उपलब्ध गराउने लक्ष्यअनुसार खानेपानी विभागले उपलब्ध गराएको 'खानेपानी गुणस्तर परीक्षण मोबाइल भ्यान'को शुभारम्भ गर्दै उनले सबै जनतामा स्वच्छ र शुद्ध खानेपानी पुऱ्याउन सरकार लागिरहेको बताए ।

'संविधानले नै हरेक नागरिकलाई स्वच्छ र शुद्ध खानेपानी पिउने अधिकारको ग्यारेन्टी' गरेको छ, त्यसलाई परिपूर्ति गर्न सरकार गम्भीर ढङ्गले लागेको छ,' उनको भनाइ थियो 'पानी र ढलका सम्बन्धमा सरकार योजना बनाएर अगाडि बढेको छ ।'

मन्त्री मगरले विपद्का बेला कतिपय जनताले स्वच्छ र शुद्ध खानेपानी पिउन नपाएर बिरामी पर्ने गरेको भन्दै खानेपानी गुणस्तर मोबाइल भ्यानको उपलब्धतासँगै सबै जनताले स्वच्छ र शुद्ध खानेपानी उपभोग गर्न पाउने बताए ।

ग्रामीण क्षेत्रमा सञ्चालित कतिपय आयोजनामा गुणस्तरीय पानी आए पनि कतिपय आयोजनामा गुणस्तरहीन पानी आउने गरेको भन्दै उनले गुणस्तरहीन पानीको स्तरवृद्धिका लागि सरकारले विभिन्न कार्यक्रम अगाडि सारेको उल्लेख गरे ।

खानेपानी विभागका महानिर्देशक सुनिलकुमार दासले मोबाइल भ्यानको प्रयोगसँगै सबै प्रदेशका विभिन्न क्षेत्रमा पुगेर पानीको गुणस्तर परीक्षण गरिने बताए । यस्तै, विपदको बेला पानी शुद्धीकरण सामग्री लगेर विपद् प्रभावित क्षेत्रमा वितरण गरिने हुँदा सबै जनताले शुद्ध खानेपानी प्रयोग गर्न पाउने उनको भनाइ थियो ।

# दसदिने 'अन्तर्राष्ट्रिय कला प्रदर्शनी' काठमाडौँमा

**काठमाडौं ।** नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान (नाफा) को सहकार्यमा अन्तर्राष्ट्रिय जलरङ समाज (आइडब्लुएस) नेपालले आफ्नो स्थापना दिवसको अवसर पारेर राजधानी काठमाडौंमा दस दिने 'अन्तर्राष्ट्रिय कला प्रदर्शनी' गर्न लागेको हो ।

तेस्रो स्थापना दिवसको अवसर पारेर समाजले यही भदौ ७ देखि १७ गतेसम्म काठमाडौंको प्रतिष्ठानको कार्यालय नक्सालमा कला प्रदर्शनी गर्न लागिएको आइडब्लुएस नेपालका अध्यक्ष एनवी गुरुङले जनाए ।

प्रदर्शनीमा नेपालसहित भारत, बङ्गलादेश, चीनका चर्चित कलाकारको चित्रहरू प्रदर्शन गरिनेछन् । सोही अवसरमा चीनबाट ११, बङ्गलादेशबाट ११, भारतबाट १५ तथा नेपालको गरी झण्डै ९० वटा चित्र प्रदर्शनीमा समावेश हुने आयोजकले बताएको छ ।

प्रदर्शनी कलाको माध्यमबाट ती देशहरूबीचको सम्बन्धलाई थप मजबुत बनाउने लक्ष्य राखिएको र तयारी अन्तिम चरणमा पुगेको समेत आयोजकले बताएको छ ।

कलाकारहरूको स्वतस्फूर्त रूपमा उठेको सहयोग रकमबाट प्रदर्शनी गर्न लागिएको अन्तर्राष्ट्रिय जलरङ समाज नेपालका कोषाध्यक्ष भीम श्रेष्ठले जानकारी दिए । अन्तर्राष्ट्रिय क्षेत्रमा काम गरिसकेका कलाकारको चित्र समावेश हुने यस्ता प्रदर्शनीले सहभागी देशबीचको आपसी सम्बन्ध विस्तार हुने विश्वास प्रतिष्ठानको मूर्तिकला विभाग प्रमुख लालकाजी लामाको थियो ।

साथै कार्यक्रमले जलरङबाट कला कोर्दै गरेका कलाकारको अनुभव आदानप्रदान हुने र नयाँ कलाकारलाई सिक्ने अवसर मिल्ने उनको भनाइ छ ।

प्रतिष्ठानका कुलपति कान्छाकुमार कर्माचार्य, सदस्य सचिव विपिनकुमार घिमिरे, वरिष्ठ कलाकार श्यामलाल श्रेष्ठलगायतका अनुभवी र अगुवा कलाकारको चित्रहरू प्रदर्शनीमा समावेश गरिने आयोजले बताएको छ ।

# 'आर्थिक समृद्धिका लागि हरितक्रान्ति र पर्यटन विकास'

**काठमाडौं ।** सत्ताधारी नेपाल कम्युनिस्ट पार्टी (नेकपा) बर्दियाद्वारा आयोजित पत्रकार भेटघाट कार्यक्रममा हरित क्रान्ति र पर्यटन विकासमार्फत प्रदेश नं ५ को आर्थिक समृद्धि गर्न सकिने मुख्यमन्त्री शङ्कर पोखरेलले बताएका छन् ।

कार्यक्रममा मुख्यमन्त्री पोखरेलले प्रदेश नं ५ मा हरित क्रान्तिको नेतृत्व बर्दिया जिल्लाले गर्ने भन्दै यसका लागि उर्बर र उत्पादनशील माटो उपयुक्त रहेको बताए । किसानका खेतमा बाह्रै महिना सिँचाइ गर्नसक्ने गरी भेरी बबई डाइभर्सनबाट आगामी हिउँदसम्म भेरी नदीको पानी बबईमा नियमित खसाल्ने योजना बनाएर काम भइरहेको मुख्यमन्त्री पोखरेलले जानकारी दिए ।

'भेरीबबई डाइभर्सनजस्तो जनताको जीवनको भविष्यसँग जोडिने योजनालाई सरकारले पहिलो प्राथमिकतामा राखेर काम गरिरहेको छ,' मुख्यमन्त्री पोखरेलको भनाइ थियो ।

अगामी दिनमा कृषि क्षेत्रको व्यावसायिक रूपमा विकास गर्न कृषि रोजगारको योजना बनाएर अगाडि बढेको भन्दै उनले लगानी भएका किसानले ठूला कृषि फार्म सञ्चालन गर्ने र कृषि सीप भएका, जमीन नभएका किसानलाई सरकारले कृषि रोजगारी दिने कार्यक्रम रहेको समेत बताए ।

# नेकपा सचिवालय बैठक बिहीबार

**काठमाडौं ।** थप गृहकार्य जरुरी रहेको भन्दै नेपाल कम्युनिस्ट पार्टी (नेकपा)को सचिवालय बैठक बिहीबार पुनःबस्ने गरी आज सकिएको छ । प्रधानमन्त्री निवास बालुवाटारमा आज बसेको सचिवालय बैठकमा पार्टीका विभिन्न आयोग, प्रवास कमिटी, विभिन्न निकाय, महानगरपालिकाका अध्यक्ष एवं सचिव, ज्येष्ठ कम्युनिस्ट मञ्च, सल्लाहकार समितिलगायत विषयमा छलफल भए पनि थप गृहकार्य जरुरी रहेको भन्दै कुनै निर्णयमा पुग्न सकेन ।

बैठकमा ती विषय प्रवेश पाए पनि थप गृहकार्य जरुरी रहेको भन्ने निष्कर्षमा नेताहरू पुगेपछि बैठक बिहीबारका लागि सारिएको प्रवक्ता नारायणकाजी श्रेष्ठले जानकारी दिनुभयो । यस्तै पोलिटब्युरो चयनको विषय पनि बाँकी रहेको छ । पार्टी एकताका आधारभूत कार्यलाई टुङ्गो लगाएको नेकपाले बाँकी रहेका कामलाई समेत सम्पन्न गरी नयाँ सन्देश दिने तयारी गरेको जनाएको छ ।

यस्तै पार्टीका नेता माधवकुमार नेपालले दर्ता गराउनुभएको असहमतिका विषयमा भने कुनै छलफल नभएको प्रवक्ता श्रेष्ठले जानकारी दिए । पार्टीका जनवर्गीय सङ्गठनको इन्चार्ज चयन तथा अन्य केही विषयलाई लिएर नेता नेपालले सचिवालयले गरेको निर्णयमा असहमति जनाए ।

प्रवक्ता श्रेष्ठले नेता नेपालको असहमतिका विषयमा छलफल गर्नुपर्ने छुट्टै प्रस्तावमा छलफल गर्न सकिने बताए । प्रधानमन्त्री केपी शर्मा ओली बिहीबार स्वास्थ्योपचारका लागि सिङ्गापुर जानुअगावै पार्टी एकताको काम टुङ्गो लगाउने तयारी गरिएको छ ।

यसैबीच सत्तारुढ नेकपा र प्रमुख प्रतिपक्षी दलका शीर्ष नेताबीच छुट्टै छलफल भएको छ । मङ्गलबार प्रधानमन्त्रीको आयोजनामा भएको सर्वदलीय छलफलपछि आज दुई दलको छुट्टै बैठक आयोजना गरिएको हो । सङ्घीय संसद्मा विचाराधीन विभिन्न विधेयक तथा मुलुकको पछिल्लो राजनीतिक अवस्थाका बारेमा छलफल भएको हो ।

छलफलमा प्रधानमन्त्री केपी शर्मा ओली, पार्टी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड', महासचिव विष्णुप्रसाद पौडेल र प्रवक्ता श्रेष्ठ सहभागी थिए । यस्तै काङ्ग्रेसका तर्फबाट सभापति शेरबहादुर देउवा, नेता डा मीनेन्द्र रिजाल र पूर्णबहादुर खड्काको सहभागीता थियो ।

# जनतालाई केन्द्रमा राखेर काम गर्नुपर्नेमा मुख्यमन्त्री शाहीको जोड

**काठमाडौं ।** भौतिक पूर्वाधार विकास मन्त्रालयको जिम्मेवारी लिएपछि पहिलो पटक भौतिक मन्त्रालय पुगेका कर्णाली प्रदेशका मुख्यमन्त्री महेन्द्रबहादुर शाहीले जनतालाई केन्द्रमा राखेर काम गर्न सकिए मात्र सङ्घीयता कार्यान्वयन हुने बताएका छन् ।



मन्त्रालयका सचिव दानरत्न शाक्यसहित सम्पूर्ण कर्मचारीलाई तीन महीनाभित्रै निर्माणकार्य थालनी गर्ने गरी योजना कार्यान्वयन प्रक्रिया अगाडि बढाउन निर्देशन दिँदै मुख्यमन्त्री शाहीले तत्काल बजेट कार्यान्वयनको तयारी शुरु गर्न भनेका हुन् ।

'पहिलो महिनाभित्र सर्भे, ढाँचालागतको काम, दोस्रो महीना सार्वजनिक खरीद तथा बोलपत्रको कार्य र तेस्रो महीनादेखि निर्माण कार्यको काम अगाडि बढाउने गरी काम थालनी गर्नुस्,' उनको निर्देशन थियो ।

योजना निर्माण तथा बजेट विनियोजनको कार्य सम्पन्न भएको महिनौं बितिसक्दा पनि मन्त्रालयले कार्यान्वयन प्रक्रिया सुरु नगरेका प्रति आफ्नो ध्यानाकर्षण भएको भन्दै उनले भौतिक पूर्वाधार विकास मन्त्रालयको प्रगति निराशा हटाउन र जनतालाई सङ्घीय व्यवस्थाको फाइदा अनुभूति हुनेगरी काम देखाउन कर्मचारीलाई सुझाव दिए ।

प्रदेश सरकारका प्रमुख सचिव केवलप्रसाद भण्डारी, मन्त्रालयका सचिव दानरत्न शाक्य तथा मन्त्रालयका कर्मचारीले उनलाई पहिलो पटक मन्त्रालयमा स्वागत गरेका थिए ।

रामेछापवासीका लागि रामेछापवासीद्वारा प्रकाशित/सम्पादित
रामेछाप पोष्ट
खोजीखोजी पढ्ने गरौं ।

हरेक आइतबार
जनप्रवाह साप्ताहिक
खोजीखोजी पढ्ने गरौं ।

२०७५ साल भदौ १ गते लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरू :

- अनुसन्धान वा अभियोजन अधिकारीले निर्दोष व्यक्तिलाई फसाउने वा वास्तविक कसूरदारलाई जोगाउने मनसायले बद्नियतपूर्वक अनुसन्धान वा अभियोजन गर्नेलाई छ महिनासम्म कैद वा पाँच हजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने,
- झुट्टा प्रमाण बनाउनेलाई पाँच वर्षसम्म कैद र पचास हजार रूपैयाँसम्म जरिवाना हुने,
- कसूरदारलाई आश्रय दिनेलाई पाँच वर्षसम्म कैद र पचास हजार रूपैयाँसम्म जरिवाना हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

## म अझै...

गरेको उनले बताएका हुन् ।

विभिन्न किसिमका स्वार्थहरूको टकरावका कारण सबैको चाहना पूरा हुन नसकेको उल्लेख गर्दै जिद्दी र अडानलाई छाडेर तर्कहरूलाई संविधानले सम्मान गरेको दाबी प्रधानमन्त्रीले गरे ।

'संविधानले वृहत्तर राष्ट्रिय हित, राष्ट्रिय आकांक्षा र राष्ट्रिय आवश्यकतालाई सम्बोधन गरेको छ। जिद्दीहरूलाई होइन, तर्कलाई संविधानले सम्मान गरेको छ। यो संविधान विगतका संघर्षहरूको, गौरवको, इतिहासको, बलिदानको, उपलब्धिको संग्रह हो'- प्रधानमन्त्रीको भनाइ छ ।

## खनालले...

सहइन्चार्जमा कुमार पौडेल तथा अध्यक्षमा जगत सिंखडा र सचिवमा नरनाथ लुइँटेल चयन भएका छन् ।

यस्तै पेशागत विशेष जिल्ला कमिटीको इन्चार्जमा केशव नेपाल र सहइन्चार्जमा प्रमेख खनाल तथा अध्यक्षमा प्रेम पराजुली चयन भएका छन् भने उद्योगी-व्यवसायी विशेष कमिटीको इन्चार्जमा पार्वत गुरुङ, सहइन्चार्जमा शशी श्रेष्ठ र सचिवमा चन्द्र रिजाल चयन भएका छन् ।

यसैगरी केन्द्रीय सम्पर्क समन्वय कमिटीको इन्चार्जमा छविलाल विश्वकर्मा र सहइन्चार्जमा डिलाराम आचार्य तथा झक्कु सुवेदी चयन भएका छन् भने जनवर्गीय संगठनतर्फ ट्रेड युनियनको इन्चार्जमा जयपुरी घर्ती र सहइन्चार्जमा विनोद श्रेष्ठ अनि किसानको इन्चार्जमा वामदेव गौतम र सहइन्चार्जमा सुनील मानन्धर चयन भएका छन् । महिलाको इन्चार्जमा गोमा देवकोटा र सहइन्चार्जमा कमला रोक्का चयन भएका छन् भने युवाको इन्चार्जमा महेश बस्नेत र सहइन्चार्जमा रामप्रसाद सापकोटा 'दीपशिखा' तोकिएका छन् ।

विद्यार्थीको इन्चार्जमा हितमान शाक्य र सहइन्चार्जमा विनोद ढकाल चयन भएका छन् । बुद्धिजीवीको इन्चार्जमा अग्नि सापकोटा र सहइन्चार्जमा टंक कार्की चयन भएका छन् । पेशागत महासंघको इन्चार्जमा पम्फा भुसाल र सहइन्चार्जमा विश्वनाथ प्याकुरेल चयन भएका छन् ।

त्यसैगरी, प्रेस संगठन नेपालमा राजेन्द्र गौतम इन्चार्ज तथा ओम शर्मा सहइन्चार्ज, मानवअधिकार एलाइन्समा थममाया थापा इन्चार्ज तथा सत्या पहाडी सहइन्चार्ज, खेलकुद महासंघमा गणेशमान पुन इन्चार्ज तथा हिक्मत कार्की सहइन्चार्ज, कानुन व्यवसायीमा देव गुरुङ इन्चार्ज तथा धर्मनाथ साह सहइन्चार्ज चयन भएका छन् ।

त्यस्तै, भूमिहीन सुकुम्बासीमा रामप्रित पासवान इन्चार्ज तथा सन्तकुमार चौधरी सहइन्चार्ज, अपांगता महासंघमा दिपेन्द्र पुन इन्चार्ज तथा जया घिमिरे सहइन्चार्ज, इन्जिनियरको संस्था 'पिन' मा मनोज थापा इन्चार्ज, शिक्षक सम्बद्ध संगठनमा मणि थापा इन्चार्ज तथा जीवन घिमिरे सहइन्चार्ज चयन भएका छन् ।

यसैगरी प्राध्यापक सम्बद्ध संगठनको इन्चार्जमा डा. युवराज खतिवडा इन्चार्ज तथा नारायण शर्मा सहइन्चार्ज, स्वास्थ्य सम्बद्ध संगठनमा सुजिता शाक्य इन्चार्ज तथा अञ्जना विशंखे सहइन्चार्ज चयन भएका छन् भने विपद व्यवस्थापन सम्बद्ध संगठनको इन्चार्जमा डा. गंगालाल तुलाधर तथा सहइन्चार्जमा सूर्य सुवेदी, प्रतिष्ठान सम्बद्ध संगठनको इन्चार्जमा तुलबहादुर गुरुङ तथा सहइन्चार्जमा धर्मशिला चापागाईं, वैदेशिक रोजगार सम्बद्ध संगठनमा श्रीप्रसाद साह इन्चार्ज तथा लक्ष्मण पन्त सहइन्चार्ज छानिएका छन् ।

यस्तै सहकारीमा धर्मदत्त देवकोटा इन्चार्ज तथा पशुपति चौलागाईं सहइन्चार्ज, उपभोक्ता हित सम्बद्ध संगठनमा देवी ज्ञवाली इन्चार्ज तथा जोखबहादुर महरा सहइन्चार्ज चयन भएका छन् । सोही बैठकले पार्टी स्कुलिङ्ग विभागको उपप्रमुखमा वेदुराम भुसाललाई थप गर्नुका साथै किसान महासंघको संयोजकमा हरि पराजुलीलाई तोकेको छ ।

## विदेशबाटै...

मन्त्रीपरिषदको बैठकले बैठक सञ्चालन विधि संशोधन गरेको हो ।

प्रधानमन्त्री विदेश जाँदा उपप्रधानमन्त्री वा उनीनिकटतम मन्त्रीलाई कार्यवाहक प्रधानमन्त्रको जिम्मेवारी दिने प्रचलन छ । तर, अब भने कसैलाई कार्यवाहक नदिई प्रधानमन्त्रीले उतैबाट भिडियोमार्फत मन्त्रिपरिषद्को बैठक सञ्चालन गर्ने व्यवस्था गरिएको छ ।

## पाँचौं...

नेताहरूकै कारण पारजित हुनु परेको थियो । त्यतिमात्र नभई उपचुनावमार्फत फेरि संसद छिर्न गरेको तयारीमा समेत ओलीकै कारण धक्का लागेपछि ओलीसँग चिढिएका थिए ।

त्यस्तै गत मंसिर-पुसको स्थायी समिति बैठकमा दुई अध्यक्षको लिखित प्रस्तावमाथि गौतमले फरक मत राखेकापछि झन् अध्यक्ष ओलीको खरो आलोचकका रूपमा 'एक व्यक्ति एक कार्यकारी पद' लाई बहस ल्याएर एउटा अध्यक्षलाई प्रधानमन्त्री र अर्का अध्यक्षलाई पार्टी सञ्चालनको जिम्मेवारी दिन प्रस्ताव गरेका व्यक्ति हुन् ।

त्यसकारण पनि नेकपाभित्रै धेरै नेतालाई ओलीसँग उनको सम्बन्ध-विच्छेद हुने निष्कर्ष निकालेका थिए । नेकपाभित्रको समीकरण यसरी बदलियो कि वामदेव नै यतिबेला ओलीका लागि सबैभन्दा भरपर्दा व्यक्ति देखिए ।

## के-के...

हिंसात्मक गतिविधि गरेको भनिएको नेत्रविक्रम चन्दसहितका पार्टी र समूहसँग पनि वार्ता थाल्नुपर्नेमा दलहरू सहमत भएका छन् ।

नेकपाका प्रवक्ता नारायणकाजी श्रेष्ठका अनुसार प्रधानमन्त्रीले बैठकको सुरुमै दलहरूबीच सहकार्यको आवश्यकतामा जोड दिएका थिए । 'हामी लामो समयसम्म एउटै उद्देश्यले हिँडेका हौं ।

समझदारी र सहकार्य अघि बढाउन यो बैठक बोलाएको हुँ,' ओलीको भनाइ उद्धृत गर्दै श्रेष्ठले भने- 'प्रधानमन्त्रीले मुख्यतः तीन वटा विषयमा केन्द्रित भएर आफ्ना भनाइ राख्नुभएको थियो ।'

प्रधानमन्त्रीले गणतन्त्र, संविधान, लोकतन्त्र र संघीयतामाथि आक्रमण भइरहेको बताउँदै विभिन्न समूहबाट आक्रमणको प्रयत्न भएकाले यस निम्ति संघर्ष गर्न समझदारीसहित अघि बढ्नुपर्ने बताए । देशमा हिंसात्मक गतिविधि हुन नदिन सबै एक भएर अघि बढ्न उनले अपिल गरे। 'शान्ति स्थापना गरेर यहाँ आइपुगेपछि देशलाई फेरि हिंसामा लानु हुँदैन,' प्रधानमन्त्रीले भने- 'यस्ता गतिविधि नहोउन भन्नका लागि शान्ति दिगो बनाउन एकजुट हुनुको विकल्प छैन ।'

प्रधानमन्त्रीले बोलेपछि प्रमुख प्रतिपक्षी दलका नेता एवं नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवासहित अन्य नेताले पनि प्रधानमन्त्रीको भनाइमा सहमति जनाउँदै गणतन्त्र, संघीयता, संविधान र लोकतान्त्रिक प्रणालीको रक्षाका लागि एकताबद्ध रहेको दोहोर्‍याए । बैठकमा सहभागी दलहरू शान्ति प्रक्रियाका बाँकी काम पनि पूरा गर्न र देशमा फेरि हिंसा हुन नदिन एकजुट हुने कुरामा सहमत भएको जानकारी श्रेष्ठले दिए । आवश्यक परे वार्ता पनि गर्नुपर्छ भन्ने निचोड निस्केको छ- दलहरूको छलफलको निचोड उल्लेख गर्दै श्रेष्ठले भने ।

त्यसैगरी, हिजो विस्थापित भएकै शक्तिहरू अहिले चलखेलमा लागेको निचोड पनि सर्वदलीय बैठकले निकालेको छ । 'हिजो जुन शक्ति र तत्त्वहरू विस्थापित भएका थिए, तिनीहरूबाट नै केही न केही चलखेल हुनसक्ने भन्नेमा छलफल भयो,' श्रेष्ठले भने- 'प्रतिगमन हुन्छ भन्ने हाम्रो निचोड होइन तर केही खतरा भएको भन्ने हाम्रो निचोड रह्यो ।'

बैठकमा प्रधानमन्त्रीले बाहिर चर्चा चलेजस्तो आफ्नो स्वास्थ्य अवस्था जटिल नरहेको जानकारी दिए । 'राजनीतिक पार्टीका नेतालाई प्रधानमन्त्रीले बाहिर चर्चा चलेजस्तो स्वास्थ्य गम्भीर नरहेको बताउनुभयो,' श्रेष्ठले भने- 'सबै नेताहरूले प्रधानमन्त्रीको स्वास्थ्यलाभको कामना गर्नुभयो ।'

यसैबीच सरकारले ल्याउने विधेयकमा पर्याप्त छलफल नभएको जानकारी आफूहरूले गराएको कांग्रेस नेता कृष्ण सिटौलाले बताए । 'विधेयकबारे हामीले प्रश्न उठायौं, सच्याउनुपर्ने कुरा सुधार गर्नु जरुरी छ,' बैठकपछि बाहिरिँदै उनले भने- 'प्रधानमन्त्री आफैंले शक्ति हातमा राखेको कुरा उठायौं, उहाँले हाम्रा कुरा नकारात्मक रूपमा लिनुभएन ।'

प्रधानमन्त्री भएपछि पहिलो पटक बोलाइएको सर्वदलीय बैठकमा प्रधानमन्त्री पनि सकारात्मक रूपमा प्रस्तुत भएको जानकारी सिटौलाले दिए । 'शान्ति प्रक्रियाका बाँकी काम टुंग्याउने कुरा भएको छ' भन्दै प्रधानमन्त्रीका कुरा कांग्रेसले पनि सकारात्मक लिएको उनले बताए ।

# सचिवालय सदस्य थपिँदैन : नेकपा

**काठमाडौं ।** सत्ताधारी नेपाल कम्युनिस्ट पार्टी (नेकपा) को प्रधानमन्त्री निवास बालुवाटारमा बिहीबार सम्पन्न बैठकले तत्काल सचिवालय सदस्य थप नगर्ने भएको बुझिएको छ ।

यसअघि भदौ १ मा बसेको सचिवालय बैठकमा वरियतामा छलफल हुँदा वरिष्ठ नेता माधवकुमार नेपालले तत्कालीन नेकपा (एमाले) मा रहेका उपाध्यक्ष भीम रावल, अष्टलक्ष्मी शाक्य र युवराज ज्ञवालीलाई सचिवालय सदस्यमा थप गरिनुपर्ने प्रस्ताव गरे पनि सचिवालय सदस्य वामदेव गौतमले पछिल्लो बैठकले तत्कााललाई सचिवालय सदस्य थप्ने सोचाइ नरहेको र सो सम्बन्धी विवाद पनि नरहेको बताएका हुन् ।

'पार्टीमा कुनै त्यस्तो विवादको अवस्था छैन । पार्टीमा पूर्व एमाले र पूर्व माओवादीको गुट छैन, नेकपाको एउटै गुट छ,' गौतमले सञ्चारकर्मीको जिज्ञासामा जवाफ दिँदै भने । अघिल्लो बैठकले नै अध्यक्षद्वय केपी शर्मा ओली र पुष्पकमल दाहाल प्रचण्डपछिको पहिलो वरिष्ठ नेतामा झलनाथ खनाल पछि वरिष्ठमा नेता नेपाल रहने निर्णय गरिसकेको अवस्था हो ।

त्यसअघि नेता खनालले तत्कालीन एमालेमा आफू निवर्तमान अध्यक्षका हैसियतमा पहिलो वरिष्ठ नेताका रूपमा रहेकाले एकीकरणपछि पनि सोही वरियता हुनुपर्ने माग गर्दै आएका थिए भने नेता नेपाल पहिलो वरिष्ठतामा रहेका थिए ।

हाल नेकपामा तत्कालीन एमालेबाट अध्यक्ष केपी शर्मा ओली, वरिष्ठ नेताहरू खनाल, नेपाल, वामदेव गौतम, ईश्वर पोखरेल र विष्णु पौडेल तथा तत्कालीन नेकपा (माओवादी केन्द्र) बाट अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड', नारायणकाजी श्रेष्ठ र रामबहादुर थापासहित नौ सदस्यीय सचिवालय रहेको छ ।

# योग्य व्यक्ति सिफारिस गर्न ध्यानाकर्षण

**काठमाडौं ।** सङ्क्रमणकालीन न्यायलाई सम्बोधन गर्न दुई आयोगमा स्वतन्त्र, निष्पक्ष, पीडित मैत्री तथा पारदर्शी रूपमा मानव अधिकारका मूल्य र मान्यता अनुकूल योग्य व्यक्ति सिफारिस गर्न राष्ट्रिय मानव अधिकार आयोगले ध्यानाकर्षण गराएको छ ।

सत्यनिरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगका पदाधिकारीको नियुक्ति गर्न सिफारिस समितिले निष्पक्ष र स्वतन्त्ररूपमा सिफारिस गर्न आयोगका अध्यक्ष अनुपराज शर्माद्वारा जारी प्रेस विज्ञप्तिमा ध्यानाकर्षण गराइएको छ ।

'सिफारिस गर्ने जिम्मेवारी कानूनद्वारा नै व्यवस्था गरिएको सिफारिस समितिको भएको कुरामा द्विविधा हुनुपर्ने होइन, समितिबाट रिक्त रहेका ती दुवै आयोगहरूको पदाधिकारी चयन गर्ने सम्बन्धमा नियुक्ति प्रक्रियामा निष्पक्षता, तटस्थता र पारदर्शितासमेत नरहने अनुभूति आयोगलाई भएको छ,' अध्यक्ष शर्माद्वारा जारी विज्ञप्तीमा भनिएको छ ।

द्वन्द्वपीडितहरूले न्यायको अनुभूति गर्न कठिन हुने र कानूनद्वारा अख्तियारी प्रदान गरिएको सिफारिस समितिको वैधता र निष्पक्षतामाथि नै प्रश्न चिह्न समेत खडा हुने भएकाले उक्त समितिमा रही आयोगले कार्य गर्ने वा नगर्ने सम्बन्धमा पुनर्विचार गर्न सकनेतर्फ पनि आयोगले आग्रह गरेको छ ।

# 'महिलाको प्रतिनिधित्व बढाउन संघर्ष गर्नेछु'

## रिजालको 'उज्यालोको खोजीमा' लोकार्पण

**काठमाडौं ।** खिमा रिजालको दशवर्षे जनयुद्धको घटनाक्रममा आधारित संस्मरणात्मक कृति 'उज्यालोको खोजीमा' (संघर्षका पाइला) को लोकार्पण गरिएको छ । नेकपाका प्रस्तावित उपाध्यक्ष वामदेव गौतमले पुस्तकको लोकार्पण गर्दै रिजालको पुस्तक नेपाली साहित्यको उत्कृष्ट रचना भएको बताए ।



उनले जनयुद्धका विषयमा धेरै पुस्तक प्रकाशन भए पनि रिजालको कृति सबैले पढ्नै पर्ने खालको भएको बताए । 'अन्य पुस्तकमा सम्बन्धित पार्टीका मात्रै विषय समावेश गरेको पाएको छु,' उनले थपे 'यसमा सबैका कुरालाई स्थान दिइएको छ ।'

उपाध्यक्ष गौतमले शहीद र योद्धाको गाथा बोकेको कृति कम्युनिस्ट विचार धारा बाहेकका अन्य शक्तिलाई उपयोगी हुने धारणा राखे । उनले महिलाको सहभागिताविना विश्वका कुनै पनि युद्ध र आन्दोलनले सफलता नपाएको जिकिर गर्दै नेपालमा पनि परिवर्तनका लडाईंमा महिलाको भूमिका अग्रणी रहेको बताए ।

उनले नेकपाको केन्द्रीय कमिटीमा महिलाको सहभागिता निकै कम रहेको भन्दै महिला सहभागिता वृद्धि गर्न आफू लागि परेको बताए । 'चार सय ४१ जनाको केन्द्रीय कमिटीमा करीब १० प्रतिशत मात्रै महिला छन्', उनले भने 'महिलाको प्रतिनिधित्व बढाउन मैले संघर्ष गर्नेछु ।'

पुस्तकका टिप्पणीकर्ता रामप्रसाद ज्ञवालीले लेखकले जनयुद्धमा भई गरेका यथार्थ घटना र शान्ति प्रक्रियामा आइसकेपछिका गतिविधिलाई पुस्तकमा उतारेको बताए । 'पद र सत्ता नपुगदासम्म विभिन्न आश्वासनले जनतालाई प्रभावित पार्ने, पछि सत्तामा गइसकेपछि जनताका आवश्यकतालाई बेवास्ता गरेका विषयलाई उठाइएको छ,' उनले भने, 'नेताहरू व्यक्तिगत स्वार्थमा अल्झिँदा जनयुद्धले बोकेका मूल्यमान्यता कमजोर बन्दै गएको अवस्थालाई चित्रण गरिएको छ ।'

समीक्षक प्राडा सुधा त्रिपाठीले दशवर्षे युद्धको शुरुआती चरणदेखि अन्तिमसम्म पनि माओवादी आन्दोलनलाई साथ दिएकी रिजालले माओवादी आन्दोलनका राम्रा, नराम्रा दुवै पक्षलाई कृतिमा उल्लेख गरेको बताए ।

लेखक रिजालले जोखिम, कठिनाइ र अभावबीचमा जनयुद्धमा होमिएको बताए । 'हामी महिलाले युद्धलाई सफल तुल्याउन निकै ठूलो संघर्ष गरेका हौं', उनले, 'तीन हजार महिलाले ज्यान गुमाएका छन्, धेरै बेपत्ता र घाइते भएका छन् ।' उनले पुस्तक लेख्ने बेलामा धेरैपटक भक्कानिएको र लेख्न बन्द गर्ने मनसायमा पुगे पनि हिम्मत गरेर पुस्तक प्रकाशनमा ल्याएको बताए ।

'स्वयं आफ्नै श्रीमान् गुमाएँ, धेरै साथीहरूको ज्यान गयो, भक्कानिँदै उनले थपे, 'बाँचेकाले जनयुद्धको कथा, व्यथा लेख्नुपर्छ भनेर लेख्न थालेकी हुँ' उनले पुस्तक प्रकाशन गर्न नदिन र गरिसकेपछि पनि बजारमा ल्याउनबाट रोक्न विभिन्न धम्की आए पनि पुस्तक ल्याउन सफल भएको बताए । 'ज्यान मार्ने सम्मका धम्की आए', उनले भने, 'म नरहे पनि पुस्तक प्रकाशन गरिदिनु भनेर पाण्डुलिपि दुई जनालाई बुझाएकी थिएँ तर आफैं बजारमा ल्याउन पाउँदा खुशी लागेको छ ।'

उनले पुस्तकमार्फत गलत प्रवृत्तिको खबरदारी गर्न खाज्दा आफूलाई अन्यायमा पारिएको बताए । नेकपाका केन्द्रीय सदस्य देवी खड्काले माओवादी युद्धका बारेमा सुनेर र देखेर लेखिएका पुस्तकको तुलनामा भोगेर लेखिएको यो पुस्तकबाट धेरै कुरा थाहा पाउन सकिने बताइन् ।

भुँडीपुराण प्रकाशनका सञ्चालक रामप्रसाद पराजुलीले पुस्तक रोक्नका विभिन्न दाबब आए पनि आफूले असल प्रकाशकको भूमिका निर्वाह गरेर पुस्तक प्रकाशनमा ल्याएको उल्लेख गरे । (रासस)

**कोसेली मिडिया सपोर्ट प्रा.लि.का लागि प्रकाशक/प्रधान सम्पादक** : केदारनाथ गौतम **कार्यकारी सम्पादक** : सानु राय (गौतम) **अतिथि सम्पादक** : शिव बस्नेत
**कार्यालय** : जोरपाटी, काठमाडौं **फोन** : ९८४९६००२०९ **इमेल** : janajibro@gmail.com **वेबसाइट** : www.janajibro.com **मुद्रण** : शर्मिला प्रिन्टर्स, डल्लु, काठमाडौं